# अध्याय - एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाली समाज सामाजिक, सांस्कृतिक, आर्थिक रुपमा रुपान्तरण भइरहेको छ ( दाहाल, २०११, विष्ट, २०३०) सामाजिक, सांस्कृतिक परिवर्तनको क्रमसंग संगै विवाहको प्रकार, किसिम र तिनको कार्य आदिमा पनि निरन्तर रुपमा परिवर्तन आउन थालेका छन् । मागी विवाहको ठाउँमा प्रेम विवाह, स्वाजातिय विवाहको ठाउँमा विजातिय विवाह, कम उमेरमा विवाह गर्ने ठाउँमा बढी उमेरमा विवाह गर्ने आदि प्रचलनहरु नेपाली समाजमा देखिन थालेका छन् । यस्तो परिवर्तन सतार समूदायमा पनि देखिन थालेको छ ।

विवाह एक महत्वपूर्ण र आधारभूत सामाजिक संस्था हो (मेकआइभर र पेज, १९९७) । विवाह पति र पत्नि एकै ठाउँमा रहि परिवारको सृजना गर्ने एक प्रक्रिया हो । जसलाई समाजले स्वीकृति दिएको हुन्छ । उनीहरु एक आपसमा रहि सन्तान उत्पादन गर्ने र उनीहरुको लालन पालन गर्ने गर्दछन् । समाजको परिवर्तन संगै विवाह प्रतिको बुझाइको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ । तर पनि सबै समाजमा विवाहलाई एउटा आधारभूत सामाजिक संस्थाका रुपमा लिइन्छ ।

नेपालका विभिन्न जनजाति मध्ये सतार एक जनजाति हो । भारतमा सन्ताल, सन्थाल र सौताल भनिने र यो जातिलाई नेपालमा सतार  भनिन्छ । झापा जिल्लाको प्रमुख जनजाति मध्ये एक द्रविण परिवारको भाषा बोल्ने नेपालको एक मात्र जाति सतार हो, जसलाई सन्थाल भनिन्छ । यो जातिको आफ्नै मौलिक संस्कृति, परम्परा, भाषा, धर्म, छ ।

विवाहको स्वरुपमा आएको परिवर्तनले समाज, संस्कृति, राजनितिक लगायत अन्य सामाजिक सम्बन्धमा परिवर्तन ल्याउँछ । जस्तै कम उमेरको विवाह गर्दा वावुआमाले निर्णय गर्दथे भने बढी उमेरमा विवाह गर्न थाले पछि केटा-केटीको निर्णय महत्वपूर्ण हुन्छ । मागी विवाहको ठाउँमा प्रेम विवाहको प्रचलन बढ्न थालेको छ । यसरी उनीहरुको विवाह पद्धतिमा परिवर्तन भइरहेको छ । परिवर्तन आउनाका कारणहरुमा भौतिक प्रविधिमा आएको

विकास, सामाजिकरण, आर्थिक कारण, सांस्कृतिक कारण, आधुनिकीकरण आदि जस्ता कारणहरु हुन् ।

यो अनुसन्धान अनारमनी गा.वि.स. वार्ड नं. १, काकियावाडीका “सतार समूदायमा विवाह” का वारेमा समाजशास्त्रिय दृष्टिकोणबाट अध्ययन गर्ने प्रयास गरिएको छ । सतार समूदायले विवाह र त्यसमा आएको परिवर्तनलाई विस्तृत रुपमा अध्ययन गरिएको छ । सतार समूदायको विवाह पद्धतिका पविर्तनका कारक तत्वहरु के-के हुन, त्यसको गहन अध्ययन विवरण प्रस्तुत गरिएको छ । यसका साथै विवाहको अन्य सामाजिक-सांस्कृतिक संस्थाहरुसंग कस्तो सम्वन्ध छ त्यसलाई केलाउने प्रयास गरिएको छ।

## १.२ अध्ययनको समस्या

विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले सतारहरुको सामाजिक, सांस्कृतिक, आर्थिक, पक्षलाई मात्र जोड दिएर अध्ययन गरेका छन् (दाहाल, २००८, पन्त,२०४१) । तर यिनीहरुको विवाहलाई सुक्ष्म ढंगले हेर्ने प्रयास गरिएको देखिँदैन । सतारहरुको विवाह के-कसरी गर्दा रहेछन्, सतारहरुको विवाह पद्धतिको अध्ययन गर्दा उनीहरुले पहिला गर्ने विवाह र अहिले गर्ने विवाहमा के-कस्तो परिवर्तन आएको छ, तिनको अध्ययन गर्न समाजशास्त्रिय दृष्टिकोणबाट महत्वपूर्ण हुन्छ । के-के कुरामा परिवर्तन आयो र परिवर्तन आउनाका कारक तत्वहरु के-के हुन्, तिनको वृस्तित रुपमा थाहा पाउन नितान्त आवश्यक छ ।

केही समय अघि सम्म छुट्टै सामाजिक समूहमा वस्ते अनारमनीका सतार भारतका विभिन्न क्षेत्रबाट वसाई सरेर आउन थाले पनि यिनीहरु अन्य समाजसंग घुलमिल हुन थाले । नेपालको विभिन्न तराई क्षेत्रहरुमा पहाडी मुलका मानिसहरुको आगमन औलो उन्मुलन भए पश्चात् भएको देखिन्छ (गौतम,१९९०, दाहाल,२०६०) । यसरी दुईवटा छुट्टा-छुट्टै समूह एक ठाउँमा वस्न थालेपछि यिनीहरुको विचमा सांस्कृतिक आदन-प्रदान हुन थाल्दछ (ईम्बर र ईम्बर, १९९४) । यसले सतार समूदायको विवाह लगायत अन्य पक्षमा परिवर्तन आएको हुन सक्छ अर्थात् सतार समूदायको विवाह पद्धतिमा अन्य समाजको के-कस्तो प्रभाव परेको छ ? अन्य समाजसंग उनीहरुको सम्बन्ध र व्यवहार कस्तो छ, त्यसको जानकारी लिनु आफैमा महत्वपूर्ण छ ।

समाजशास्त्रीहरु समाजमा सामाजिक संस्थाहरु स्थिर नभई निरन्तर परिवर्तन भैरहन्छ भन्दछन् (फ्रान्सिस १९८२, रिट्जर १९९२) । परिवर्तन आउनाका मुख्य कारणहरुमा भौतिक प्रविधिमा आएको विकास, सामाजिकरण, आर्थिक कारण, सांस्कृतिककरण, आधुनिकीकरण, आदि जस्ता कारणले विवाहमा परिवर्तन आएको छ । पहिला सतारहरु एउटै समुह नजिकनजिकै रहन्थे र यिनीहरु गाढा गोरु, पाल्की, हिँडेर विवाहमा जान्थे भने अहिले सतारहरुको वस्ती टाढा टाढा हुने भएकोले गाडीहरुको प्रयोग गर्न थालेका छन् । जसले उनीहरुको समाजिक सम्वन्धमा परिवर्तन ल्याउन थालेको छ । सामाजिक कारणले नेपाली विवाहको प्रचलनमा सतारहरुले विवाह गर्न थालेका छन् । सतारहरुको विवाह गर्न पहिला १०/१२ दिन लाग्ने गर्दथ्यो भने अहिले १/२ दिनमा विवाह गरि सक्छन् । आर्थिक कारणमा पहिला सतार समूदायमा थोरै पैसामा विवाह सकिन्थ्यो, दाइजो दिने प्रचलन थिएन भने अहिले सतारहरुको विवाहमा धेरै खर्च हुने र दाइजो दिने प्रचलन हुन थालेका छन् । यसको पछाडी के कारण छ त्यसलाई विश्लेषण गर्न आवश्यक छ ।

समाजशास्त्रीय दृष्टिकोणले समाजका विभिन्न पक्षहरुका प्रक्रियाको आधारमा वुझ्नु पर्छ (रिट्जर १९९२, फ्रान्सिस् १९८२) । समाजशास्त्रिय दृष्टिकोणबाट विवाहलाई पनि एक प्रक्रियाको रुपमा बुझ्न आवश्यक छ । जस्तै विवाह कसरी गर्दा रहेछन्, केटी कसरी माग्दा रहेछन्, विवाहको तयारी कसरी गर्दा रहेछन्, के के सामानको प्रयोग गर्दा रहेछन्, निम्ता कसरी गर्दा रहेछन्, बेहुलाको विवाहको तयारी कसरी गर्दा रहेछन, बेहुला अन्मानउनु अगाडी के कस्ता कार्य गर्दा रहेछन, केटीकोमा कसरी बेहुला प्रवेश गर्दा रहेछन्, प्रवेश गर्ने अवस्थामा के कसरी बेहुली पक्षकाले आदर गर्दा रहेछन्, बेहुलीकोमा के कस्तो तयार गरिएको हुन्छ, भोज कस्तो हुँदो रहेछ, नाच-गान कस्तो प्रकारका गर्दा रहेछन्, विवाहको कर्म कसरी गर्दा रहेछन् भन्ने सम्पूर्ण प्रक्रियालाई बुझ्नु पर्दछ । त्यसैले यस अध्ययनमा पनि सतार जातिमा गरिने विवाह पद्धतिको प्रक्रियालाई सुक्ष्म ढंगले अध्ययन गर्न जरुरी छ ।

समाजशास्त्रीय दृष्टिकोणमा मुख्य गरी प्रकार्यवादीहरुका विचारमा समाजका विभिन्न भागहरु एक अर्कामा अन्तर सम्वन्धित हुन्छ । यसो हो भने सतार जातिको विवाहमा अन्य सामाजिक संस्था जस्तै राजनैतिक, धार्मिक, आर्थिक आदि संग कसरी अन्तर सम्बन्धीत छन् । त्यसलाई केलाउनु पनि महत्वपूर्ण हुन जान्छ । आफ्नो जाति भन्दा वाहिर विवाह गरेमा उनीहरुको सामाजिक राजनैतिक संस्था “गुमस्ता” ले त्यस घरधुरीलाई आफ्नो

जातिवाट वहिस्कृत गर्न सक्छन् जुन नेपालका अन्य जातजातिहरुमा पाउन सकिन्छ (कट्टेल र क्षेत्री, २००४) । तर यत्ति हुँदाहुँदै पनि त्यस घर परिवारलाई पुन सामाजिक दण्ड र सांस्कृतिक प्रक्रिया (ritual process) वाट पुनः आफ्नै जातिमा भित्राउने गरेको हुन सक्छ । त्यस प्रक्रियालाई विस्तृत रुपमा समाजशास्त्रीय दृष्टिकोणबाट हेर्न नितान्त जरुरी हुन्छ । सतार समुदायको विवाह, आर्थिक, राजनितिक, धार्मीक, सांस्कृतिक इकाइका बिचमा एकता कायम भएको हुन्छ । जातिय व्यवस्थामा संरचित यस समूदायमा माझी हडाम जसले गाउँको नाइकेको काम गर्ने, जगमाझीले गाउँको रेखदेख गर्ने, नाइकेले विवाहमा आएका पाहुनालाई स्वागत सत्कार गर्ने, गुणीतले नाइकेलाई सघाउने, राइवर वुढाले विवाहमा लमीको काम गर्ने, दर्गिनले सुत्केरी गराउने काम गर्ने गरेको देखिन्छ । जसलाई प्रार्यत्मक दृष्टिकोणबाट हेर्ने प्रयास गरिएको छ ।

यिनै समस्यालाई आधार वनाउँदै, यस अध्ययनमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. सतार जामिा के कस्ता विवाह पद्धतिहरु प्रचलित थिए र अझै पनि छन् ?
२. सतार जातिमा के-कस्तो सामाजिक-सांस्कृतिक र राजनितिक संस्थाहरु विद्यमान छन् ? तिनको विवाहसँग कस्तो सम्बन्ध रहन्छ ?
३. सतार जातिमा अन्तरजातिय विवाह भएमा कसरी आफ्नो जातिभित्र ल्याइन्छ ।
४. सतार जातिको विवाह पद्धतिमा परिवर्तन आउने मुख्य के-के कारक तत्वहरु हुन सक्छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य सतार जातिको सामाजिक तथा सांस्कृतिक पक्षहरुको बारे वृस्तित रुपमा बुझ्नु रहेको छ । यसको विशिष्ट उद्देश्य निम्न वमोजिम छ :

- सतार जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षहरुको वारेमा बुझ्ने
- सतार समुदायको परम्परागत विवाह र त्यसमा आएको परिवर्तनका बारेमा जानकारी हासिल गर्ने,

) सतार जातिको विवाहको संस्था राजनैतिक, सांस्कृतिक र सामाजिक संस्थाहरुको प्रकार्यात्मक सम्वन्धलाई केलाउने ।

## १.४ अनुसन्धानको औचित्य

सतार समूदायको विवाह पद्धति बारेमा वृस्तित जानकारी लिनको लागि यसको अध्ययन हुन आवश्यक छ । परम्परागत विवाह र आधुनिक विवाहमा के कस्तो फरक आएको छ, त्यसको अध्ययन यसमा विस्तृत रुपमा गरिएको छ अर्थात् परम्परागत विवाह कसरी गर्दथे, अहिलेको विवाह कसरी गर्दा रहेछन्, परिवर्तन आउनाका कारक तत्वहरु के के हुन, त्यसको जानकारी यस अध्ययनले दिनेछ । जुन भोलीका दिनमा विवाहका वारेमा बुझ्न खोज्ने जो सुकैका लागि एउटा उपयूक्त श्रोत हुन सक्छ ।

यसैगरी यस अध्ययनमा सतार जातिको विवाहको अन्य सामाजिक, राजनैतिक, र सांस्कृतिक संस्थाहरुसंग कस्तो सम्वन्ध छ भन्ने कुरा प्रकार्यवादी दृष्टिकोणवाट हेर्ने प्रयास गरिएको छ । तसर्थ, यस अध्ययनले अन्य अनुसन्धानकर्ताहरुलाई सतार झैं अन्य जातिमा पनि सामाजिक संस्थाहरु कसरी एक अर्कामा सम्वन्धित हुँदा रहेछन् र समाजलाई निरन्तरता दिएको हुँदा रहेछन् भन्ने कुरा बुझ्न खोज्नेहरुको लागि यो एक महत्वपूर्ण श्रोत हुन सक्छ ।

## १.५ सैद्धान्तिक अवधारणा

समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका विभिन्न दृष्टिकोणहरु मध्ये संरचनात्मक प्रकार्यवाद पनि एक हो । यस दृष्टिकोणले १९३०-४० को दशकमा निकै चर्चा पाएको थियो । यसले सामाजिक तथा सांस्कृतिक प्रणालीका विभिन्न इकाइहरु र इकाइहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । यस दृष्टिकोण अनुसार सांस्कृतिक तथा सामाजिक विकास विभिन्न इकाइहरुको प्रक्रियाबाट हुने गर्दछ । इकाइहरुको सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने कार्य गर्दछन् । यस सिद्धान्तको व्याख्या गर्ने विद्वानहरुमा इमाइल दुर्खिम, मेलिनोस्की, रेडक्लिफ ब्राउन, आदि छन् ।

यस अध्ययनका लागि सतार समाजको सामाजिक संरचना कसरी निर्माण भएको छ भन्ने कुरालाई देखाउन प्रयास गरिएको छ । जसमा विवाहलाई केन्द्रविन्दु बनाएर सतार जातिको विवाह, राजनैतिक, धार्मिक, आर्थिक पक्षसंग कसरी जोडिएको छ त्यसलाई केलाउने प्रयास गरिएको छ ।

## १.६ अध्ययनको संगठनात्मक स्वरुप

सतार जातिको विभिन्न पक्षहरु जस्तै राजनैतिक, धार्मिक, आर्थिक, सांस्कृतिक पक्षहरुले यिनीहरुको संगठनलाई दरो र बलियो बनाएको छ । यिनीहरुको समुदायमा झै-झगडा नराम्रो काम गरेमा उनीहरुको राजनैतिक व्यवस्था "गुमस्ता" ले नै मिलाउने गर्दछ । सतारहरुले आफ्नो धर्म सराई धर्म मान्ने गर्दछन् र यस्तो धर्ममा विभिन्न देवी देवताको सामहिक रुपमा पूजागरी भोज भतेर गरेर संगठनात्मक स्वरुपलाई बलियो बनाउने गर्दछन् । सतारहरुको विभिन्न सांस्कृतिहरु रहेकाछन् । यिनीहरु सामुहिक रुपमा नाचगान गर्ने, गाउने, वाजा बजाउने गर्दछन् जसले यिनीहरुको समुदायको संगठनलाई बलियो बनाएको छ ।

# अध्याय - दुई

## २. साहित्य समिक्षा

### २.१ प्रकार्यात्मक सिद्धान्त : एक विश्लेषणात्मक ढाँचा

समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका विभिन्न दृष्टिकोणहरुमध्ये संरचनात्मक प्रकार्यवाद एक हो । यस सिद्धान्तको शुरुवात १९३०/४० को दशकदेखि प्रचलनमा रहेको थियो । यो उद्‌विकासवाद र प्रसारवादको आलोचना गर्दै सामाजिक र सांस्कृतिक विकासको वैकल्पिक दृष्टिकोण खोज्दै जाँदा उदय हुन पुगेको देखिन्छ । यसले सामाजिक तथा सांस्कृतिक प्रणालीका विभिन्न इकाइहरु र इकाइहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । यस दृष्टिकोण अनुसार सांस्कृतिक तथा सामाजिक विकास विभिन्न इकाइहरुको प्रकार्यबाट हुने गर्दछ । यस्ता इकाइहरुसंग मानिसहरुको प्रत्यक्ष सम्वन्ध हुने गर्दछ । इकाइहरुले सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने क्रमा प्रकार्य गर्दछन् । यहि प्रकार्यबाट समाज तथा मानिसले आफ्ना आवश्यकता पूरा गर्दछन् भन्ने कुरालाई यस दृष्टिकोणले अगाडी सार्दछ (रिट्जर १९९२ , फ्रान्सीस १९८२) । सामाजिक तथा सांस्कृतिक इकाइहरुले प्रणाली (संस्कृति र समाज) को अस्तित्व निरन्तरताका लागि प्रकार्य गर्दछन् । यस्ता इकाई र इकाइबाट तयार भएका संरचना दुवैको एक अर्काविना अस्तित्व रहन्न भन्ने कुरालाई पनि यस दृष्टिकोणले प्रकाश पार्दछ । यस सिद्धान्तको व्याख्या गर्ने मुख्य प्रवर्तकहरुमा दुर्खिम, रेडक्लिफ ब्राउन, मेलिनोस्की, रोर्वट के. मर्टन, टाल्कट पार्सन आदि रहेका छन् ।

दुर्खिम (१९६४) का अनुसार सामाजिक व्यवस्था पुरा गर्न विभिन्न अङ्गहरुका वा इकाइहरुका बीचमा प्रकार्य हुनु पर्दछ । समाजलाई प्रकायांत्मक ढङ्गबाट एकतामा राख्न धर्म तथा श्रम विभाजनले महत्वपूर्ण भूमीका खेलेको हुन्छ । वास्तवमा धर्म सामाजिक एकता कायम गर्न महत्वपूर्ण माध्यम हो । यसले मानिसको भावनालाई एकित्रित गर्ने कुरालाई दुर्खिम जोड दिन्छन् । दुर्खिमका अनुसार आवश्यकताको प्रयोग सामाजिक सन्दर्भमा गर्नुपर्दछ । उनका अनुसार प्रकार्यले इकाइहरुको संरचनामाथि रेहेको प्रभावलाई प्रतिनिधित्व गर्छ कि संरचनाको इकाइमाथि । दुर्खिमले प्रकार्यलाई वस्तुनिष्ठ ढङ्गबाट व्याख्या गरेका छन् ।

मेलिनोस्की (१९६१) ले संस्कृतिलाई मानिसका जैविक चाहना पूरा गर्ने उद्देश्यले जन्मेका हुन्छन् भन्ने कुरालाई प्रकाश पारेका छन् । समाज तथा संसकृतिका जे जति संघ स्रस्थाहरु छन् ती सबैले मानिसका व्यक्तिगत आवश्यकता पूरा गर्दछन । विवाह, परिवार आर्थिक; राजनितिक संस्था मानिसका आवश्यकता पूरा गर्ने क्रममा जन्मेका हुन् । यस्ता इकाइले आफ्नो अस्तित्वलाई निरन्तरता दिन प्रकार्य गर्दछन् । यसै क्रममा नै मानिसले आफ्ना जैविक आवश्यकता पूरा गर्दछन् । वास्तवमा मानिसका विभिन्न आवश्यकता पूरा गर्न सांस्कृतिक प्रणालीमा विभिन्न इकाइहरु सिर्जना भएका हुन्छन् । फरक-फरक आवश्यकता पूरा गर्न जन्मेका फरक-फरक इकाइहरुको बीचमा अन्तर निर्भर भई प्रकार्यात्मक एकता कायम हुने कुरालाई मेलिनेवेस्की जोड दिन्छन् । उनका अनुसार मानिसका मनोवैज्ञानिक आवश्यकता पूर्ति गर्ने जिम्मेवारी सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता र संस्कारहरुको हुन्छ ।

रेडक्लिफ ब्राउन (१९५२) का अनुसार एउटा प्रणालीको संरचनामा विभिन्न आन्तरिक तथा वाह्य इकाई एवं पक्ष हुन्छन् । यी एकाइका विचमा पारस्परिकता कायम भई यी सबै समाजको संरचना तयार गर्न एकीकृत दिशामा लम्कन्छन् । यदि इकाइहरुका बीचमा सम्बन्ध नरहने हो भने सिंगो संरचना जीवन्त रहन सक्दैन । त्यसैले विभिन्न इकाइहरुको संरचनाबिना प्रकार्य नहुने र प्रकार्यबिना संरचना नहुने कुरालाई स्पष्ट पारेका छन् । संरचना र इकाइबिचमा सह अस्तित्व कायम रहन्छ । एक एकाइको परिवर्तनले सिंगो संरचनालाई असर गर्दछ भन्ने कुरा ब्राउनको संरचनात्मक प्रकार्यवादबाट स्पष्ट हुन्छ । उनले अन्डामेन आइल्याण्डको अध्ययन गरी परम्परा, रीतिरिवाज, जन्म, चलन, संस्था एक अर्का बीचमा रहने अन्तर सम्बन्धलाई प्रष्ट्याएका छन् । विभिन्न इकाइहरुको प्रकार्यविना संरचना हुन नसक्ने र संरचना बिना पनि इकाइहरुको अस्तित्व नरहने कुरालाई उनले अगाडी सारेका छन् ।

रर्वट के. मार्टन (१९४९) ले हरेक समाजमा विभिन्न समयमा समाजको एकताको मात्रा फरक-फरक हुन सक्छ । कुनै समाजका परम्परा, मुल्य, मान्यता, प्रथा आदिले सकारात्मक भूमीका निर्वाह गर्दछन् भने अर्को समाजमा तिनै मूल्य मान्यता, प्रथाहरुले नकारात्मक भूमीका निर्वाह गर्न पुग्दछन् । यसरी समाजको प्रकार्यात्मक एकता भन्ने मान्यता आदिम समाजमा पाउन सकिएला किनभने आदिम समाजमा आन्तरिक एकता हुन्छ

भन्ने विचार आर. के. मर्टनले राखेको भए तापनि कुनै समाजमा समाजको संरचनाहरु पूर्ण रुपले एकतावद्ध हुन्छन् भन्न मुस्किल छ तर एकताको मात्रा भने अत्यधिक हुन सक्छ भन्न सकिन्छ । समाज एवं संस्कृतिका प्रत्येक तत्वहरुले गर्ने क्रियाशिलता वा प्रकार्यले नै मानवको तथा समाजको आवश्यकता पूर्ति हुन्छ भन्ने रहेको छ ।

यिनै सैद्धान्तिक अवधारणाहरु मध्ये रेड किल्फ ब्राउनको संरचनात्मक प्रकार्यवादी, सिद्धान्तलाई आधार मानेर सतार जातिको विवाहको प्रक्रिया र त्यसको अन्य सामाजिक सांस्कृतिक तथा राजनैतिक संस्थाहरु वीचको अन्तर सम्बन्धलाई केलाउने प्रयास गरिएको छ ।

## २.२ नेपालमा जातजाति सम्वन्धि अध्ययन

विभिन्न समयमा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरुले विभिन्न जातजातिको अध्ययन गरी उनीहरुको बारेमा विस्तृत जानकारी प्रकाशनमा ल्याएका छन् । जसमा गोपाल सिंह नेपालीले १९५७-५८ मा 'नेवार' जातिको अध्ययन गरेका छन् । उनले नेवार जाति भित्रको सामाजिक संरचनालाई रेडक्लिफ ब्राउन र रवर्ट के. मर्टनको संरचनागत प्रकार्यवादी सिद्धान्तलाई आधार वनाएर व्याख्या गरेका छन् ।

प्रस्तुत पुस्तक नेवार समुदायको ऐना हो, जसबाट नेवार समुदायका विविध पक्षहरु देख्न सकिन्छ । संरचनात्मक प्रकार्यात्मक सैद्धान्तिक दृष्टिकोणलाई नेपालीले यो पुस्तकमा धेरै हदसम्म सार्थक तरिकाले प्रस्तुत गरेका छन् । रेडक्लिफ ब्राउनको सामाजिक सम्वन्ध विभिन्न भौतिक तथा अभौतिक इकाइबाट टाढा हुन सक्दैन भन्ने कुरालाई यस पुस्तकमा प्रष्ट्याएका छन् । विशेषगरी नेवार समुदायको ऐतिहासिक पृष्ठभूमी, भौतिक संरचना, भेषभूषा, सामाजिक, संगठन, आर्थिक संगठन, मृत्यु, विवाह, भोज, चाडपर्व, देवीदेवता आदिबिचको अन्तर सम्बन्ध तथा विभिन्न पक्षहरुलाई संरचनात्मक ढङ्गले प्रस्तुत गरेका छन् । संरचनात्मक प्रकार्यात्मक दृष्टिकोणलाई आधार मान्दा पनि पुस्तकमा विभिन्न सन्दर्भमा प्रकार्यात्मक एकता देख्न सक्न्छि । विवाह, परिवार, नातेदार, गुठी आदी विभिन्न संस्था छन् । यी संस्थामा विभिन्न स्वभाविक कार्यहरु प्रकट रुपमा देखिएका छन् । यसै गरी भोज, भतेर, उत्सव, पर्व आदिमा एक आपसमा एकता समझदारी कायम भएको कुरालाई अप्रकट कार्यका रुपमा देखाइएको छ । कृषिको कार्यमा प्राय : व्यस्त हुने ज्यापूहरुको आफ्नो

उत्पादन वृद्धि गराउन पानीका देवता मच्छिन्द्रनाथलाई पूजा गर्नु, उनको जात्रा गर्नुले सहकाल छाओस्, पानी आओस् भन्ने प्रकार्यात्मक दृष्टिकोण राखिएको पाईन्छ । गणेश पूजा, कुमारी जात्रा, भैरव जात्रा, गाईजात्रा, मच्छिन्द्रनाथ, दशैं, देवाली, तिहार, व्रतवन्ध, विवाह पास्नी, न्वारन आदि जात्रा तथा भोज पर्वमा आफन्त तथा नातेदार, देवाली वा गुठी खलक जम्मा हुने हुँदा यिनीहरुमा भावानात्मक एकता कायम हुने आत्मीयता बन्ने कुरालाई पुस्तकमा प्रष्ट्याएका छन् (सन् १९६५) ।

विवाह नेवार समुदायको एउटा महत्वपूर्ण संस्था हो । आफ्नो वंशको निरन्तरता दिन अनि सामाजिक तथा आर्थिक कार्यलाई पूर्णता प्रदान गर्न विवाह गर्दछन् । नेवार केटीको विवाह उसको जीवनमा तीन पटक हुन्छ । पहिलो इही विवाह (वेल विवाह) दोस्रो बाह्रा ( सूर्य) र तेस्रो मानिससंग विवाह गरिन्छ । विवाहलाई सामाजिक तथा आर्थिक पक्षले प्रभाव पार्दछन् । विवाह गर्दा रगतको साइनो भित्र पर्न गएमा वा रक्त सम्बन्ध भित्र यौन सम्वन्ध कायम भएमा उक्त व्यक्तिलाई समाजवाट वहिष्कार गरिन्छ । आफ्नो जातिभन्दा माथिल्लो जातको गैर नेवार श्रीमति ल्याएमा केटी र उसको बच्चाले सामाजिक हैसियत पाउँछन् । तर अन्य जातिसँग भएमा भने पाउँदैन । विवाहले नेवार समुदायको सम्बन्धलाई बलियो बनाउने गर्दछ ।

त्यस्तै प्रयागराज शर्माले (१९७७) कसरी एउटा जाति र अर्को जातिको विचमा सम्पर्क हुँदा सांस्कृतिक रुपमा तल रहेको जातिले माथिल्लो जातिको संस्कृतिलाई अवलम्वन गर्दछ भन्ने कुरालाई प्रष्ट्याएका छन् । अर्का विद्वान डोर वहादुर विष्टले “सबै जातको फूलबारी” (२०३०) नामक पुस्तक लेखी नेपालमा रहेका विभिन्न जात-जाति जस्तै - सतार, नेवार, बाहुन, क्षेत्री, किराती-राई, किराती-लिम्बु, तामाङ, सुनुवार, जिरेल, मगर, खस, गुरुङ, चेपाङ आदिको जनजातिय अध्ययन (ethnographic study) गरेका छन् । यो कितावमा मानवशास्त्री डोर व. विष्टले प्रकार्यवादी सैद्धान्तिक दृष्टिकोणबाट नलेखेतापनि जात-जाति भित्रको सामाजिक तथा सांस्कृतिक संस्थाहरुवीचको अन्तर सम्बन्धलाई देखाउन खोजेका छन् । यसैगरी रेग्मी (१९९१) ले धिमालको परिचय, उनीहरुको सिंगो सामूदायिक प्रणालीलाई अगाडी बढाउन धर्म, अर्थ, राजनिती, जाति, पर्व, आदि इकाइले खेलेको भूमीकाको बारेमा प्रष्ट्याएका छन् ।

विभिन्न समयमा विभिन्न विदेशी विद्वानहरुले विभिन्न समयमा नेपालका विभिन्न जात-जातिको समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन अनुसन्धान गरेका छन् । जसमा शेरी अर्टनर (१९७८) ले उत्तरी भेगमा वसोवास गर्ने शेर्पा जातिहरुको संस्कार एवं सांस्कृतिक मूल्य मान्यतालाई आधार मानेर त्यस जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, नैतिक एवं दैविक पक्षलाई झल्काएका छन्  यसमा शेर्पाहरुको संस्कृतिको न्यूग्ने संस्कारलाई विवाहसंग जोडेर व्याख्या गरिएको छ । संस्कारलाई “सांकेतिक” “व्याख्यात्मक” उपागमवाट हेरियता पनि धर्म र विवाह वीचको सम्वन्धलाई सुक्ष्म रुपमा केलाएको देखिन्छ । उनका अनुसार शेर्पा समुदाय वौद्ध धर्मावलम्वी भएको हुँदा लामा र आनीलाई सवै भन्दा माथिल्लो तहमा राखेका छन् । विवाह गर्नु भनेको शेर्पा समुदायमा भौतिक संसारमा अल्मलिनु हो । तर न्यूग्ने संस्कारमा विवाहित शेर्पा समुदायको मानिसहरुले चार दिनसम्म उपवास वस्छन् । उपवास वस्नु भनेको ‘लामा’ र ‘आनी’ वन्नु झैं हो । फ्रिकेले विवाहलाई एउटा घरधुरी (household) निर्माणको प्रक्रियाको रुपमा व्याख्या गरेका छन् । उनका अनुसार तामाङ्ग जातिमा विवाह भएपछि छोरा घरबाट छुट्टिएर नयाँ घरको निर्माण गर्छ । यसले एउटा नयाँ घरधुरी (household) निर्माण हुन्छ । त्यस्तै अर्की महिला मावशास्त्री बेनिट (१९७९) ले समाजमा विवाहले महीलाको स्तरलाई प्रभाव पार्ने कुरा गरेकी  छन् । विवाहलाई एउटा सामाजिक प्रक्रियाको रुपमा व्याख्या गरेकि छन् । विवाहले एउटा महिलाको पदलाई परिवर्तन गरिदिन्छ । विवाह गर्नु अघि उ घरकी छोरी भएर रहेकि हुन्छे भने विवाहपछि उसको पद वुहारि हुन्छ । उसले गर्ने काम देखि उसले गर्ने व्यवहार समेत परिवर्तन हुन्छ ।

## २.३ **सतार जातिको उत्पत्ति र आगमन**

### २.३.१ **उत्पत्ति**

सतार जातिको उत्पत्तिको बारेमा विद्वानहरुविचमा एक मत देखिँदैन । केहि विद्वानहरुले मौखिक इतिहास, किम्वदन्ती, जनश्रुती आदिका आधारमा उनीहरुको उत्पत्ति खोज्ने प्रयास गरेका छन् । केही समाजशास्त्री, मानवशास्त्री तथा अन्य विद्वानहरु जस्तै डेल्टन (१७६८), विष्ट (२०३०), दङ्गाल (२०५०), पन्त (२०४१), शर्मा (२०५८), गौतम (२०६७) ले सतार जातिको उत्पत्ति निम्न अनुसार भएको बताएका छन् ।

डेल्टन (१७६८) का अनुसार एउटा जङ्गली हाँस समुन्द्र पारिबाट आई आहिरिपिप्रिमा दुइवटा अण्डा पार्‍यो । त्यो अण्डाबाट एउटा पुरुष र महिलाको जन्म भयो जो सन्थालका

पुर्वज थिए र हारा डुटी भन्ने ठाउँमा स्थानान्तरण भए । यहाँ उनीहरुको जनसंख्या निकै वृद्धि भयो र यिनीहरु खराव कहलाइए । यिनीहरु मध्ये केहि कालान्तरमा स्थानतरण हुँदै र कुनाकाप्चा जङ्गल खोज्दै बस्दै जाने क्रममा शिखरतर्फ लागे भने अर्को समूह मनडुम भन्ने जिल्लाको पूर्वी भागमा रहन लागेको बुझिन्छ । बढ्दो जनसंख्याले जङ्गल विनाश गराउँदा उनीहरु पुन : पश्चिम तर्फ जाने क्रममा हालको हजारीवाग (झारखण्ड राज्य) जिल्लाको गोला प्रगन्ना क्षेत्रको सोनावाडी र गटियारीमा रहन लागेको पाइन्छ । त्यसै गरि दंगालले पनि "myth" को आधारमा नै सतार जातिको उत्पत्तिका वारेमा व्याख्या गरेका छन् । उनका अनुसार “सूर्यमाता र चन्दूपिताका सन्तान मध्ये “इसेर छटपटे” भन्ने एउटा सन्तानका कारणबाट नै पृथ्वीमा सम्पूर्ण पशु प्राणीको श्रृष्टि भयो जसमा एउटा महिला र एउटा पुरुषको जन्म भयो । यिनीहरुवाट १० जना छोरा र १० जना छोरी जन्मिए । यसै क्रममा दाजु बहिनीको बिचमा यौन क्रिडा भएको भन्ने भनाई छ । यसरी यौवन अवस्थामा पुगेका दश दाजु-भाई र दश दिदी - वहिनीले रक्सी सेवन गरी यौन संसर्गमा लागेपछि प्रत्येक जोडिलाई अलग-अलग राख्न प्रबन्ध भए अनुसार सतार पूर्वजको शुरुवात भएको भन्ने भनाई छ (दाहाल, २०५० : ६६) ।

पन्तका अनुसार यो पृथ्वीको सृष्टिभन्दा अगाडी सम्पूर्ण जगत पानी नै पानी थियो । ठाकुरजी (सतारका देवता) ले मालिन बुढीलाई मानिसका दुईवटा मुर्ति बनाउन लगाए र ती मूर्तिलाई घाममा सुकाएका बखत सिहंसाडोमले एउटा मूर्ति फुटाए, पुन : अर्को बनाउनु परेको बताइन्छ । त्यस पश्चात ठाकुरजीले निश्चित स्थानबाट मानिसका आत्मा ल्याउन अहराए तर ती नभेटिएपछि मालिन बुढिले चराको आत्मा राखी ती मूर्तिलाई सजीव बनाइन् । भालेलाई हन्स र पोथीलाई हसिन नाम राखी आकाशमा उडाइदिइन् । ठाकुरजीका आज्ञा मूताविक एउटा टापुको रचना भयो जहाँ हंन्स र हसिनले पारेका दुईवटा अण्डाबाट पिखुनाडाम र पिखुबुढी क्रमश : पुरुष र महिला जन्मिए । उनीहरु दाजु बहिनीसंगै बस्तै जाँदा रक्सीका नसामा आफूहरु दाजु-बहिनी भएको विर्सी यौन सम्बन्ध कायम गर्दा ७ छोरा र ७ छोरी जन्मन पुगे । पछि पारिवारिक कलहका कारण ७ छोरा वावुसंग सोइपुरमा बस्न लागेछन् भने आमा र ७ छोरी पुजपुरतिर गएछन् । तर काम विशेषले जङ्गल जाँदा भने भेटघाटमा संगै नाच्ने गाउने क्रममा आफ्नो नाता भित्रै शारीरिक सम्बन्ध रहन जाँदा प्रत्येकबाट एक एक सन्तान जन्मिए र तीनै ७ सन्तानका पुर्खा भनेर चिनिन्छन् (पन्त २०४१) ।

शर्माले ऐतिहासिक र मौखिक दृष्टिकोणबाट सतार जातिको उत्पत्तिका बारेमा व्याख्या गरेका छन् । उनका अनुसार - निग्रो जातिको एक शाखा नेग्रिटोले पुरापाषण काल यूगमा भारतीय उपमहाद्विपीय क्षेत्रमा सर्वप्रथम पाइला टेकेको र यो जातिलाई धेरै पछि आएको आग्नेय जातिले विस्थापीत गरेको प्रमाण भेटिन्छ । आग्नेय जाति भारतमा सन्थाल, मुण्डा र सवर नामले चिनिन्छन् । त्यसकारण सन्थालका पुर्खा निग्रो नभई आग्नेय जाति भएको प्रमाणित हुन आउँछ । भाषा परिवारको दृष्टिले पनि सतार आग्नेय एसियाली परिवारमा परेका छन् । ". . . आज यो जाति संसारको दक्षिणपूर्ण अर्थात् आग्नेय कोठामा पाइने हुँदा यसको नाम यस्तो राखिएको हो " (शर्मा २०५८ : ३९) ।

यसै गरी डोर बहादुर विष्टले ठाउँको आधारबाट सतार जातिको उत्पत्तिबारेमा व्याख्या गरेका छन् । सतारका पुर्खा पश्चिम वङ्गालको मदिनापुर क्षेत्र अन्तरगत सौन्ट गाउँमा वसोवास गर्थे । त्यसैले यिनीहरुलाई सन्थाल भनियो (२०३०)।

## २.३.२ थरको उत्पत्ति

पन्तका अनुसार हाँसका अण्डाबाट दुइवटा मानिस (लोग्ने र स्वास्नी) जन्मिए । उनले ती मानिसको नाम "पिन्चु बुढी" र "पिन्चु हडाम" राखे । यी दुई विस्तारै-विस्तारै तरुनी-तरुना भएर आए । पिन्चु बुढीको पेट बढ्दै आयो । यो के भयो भनी दुवैले आश्चर्य माने । पिन्चु बुढीले के - के आएको आशङ्का पिन्चु हजमले गरे । आखिर केहि पतो लागेन । पेट झन् झन् ठूलो हुँदै गयो । पानी बाहेक केही छैन के खान्थिन पिन्चु बुढीले । पिन्चु हजामले अज्ञानतावश अनावश्यक आशङ्का गरेका थिए । ९ महिना वित्यो पिन्चु बुढीले फटाफट बच्चा पाउन थालिन् । एउटा होइन-दुइटा होइन एकै पल्टमा लगातार २० बच्चा पाइन् । यी मध्ये १० छोरा र १० छोरी थिए । यिनीहरु पछि संगसंगै रहने क्रममा रक्सीको नसामा आफ्नै भाइ-बहीनिबिचमा शारीरिक सम्बन्ध रहन गएछ । आफ्ना छोरा-छोरीको यस्तो अभद्रता देखेर वावु आमाले आफ्ना छोरा-छोरीलाई बेग्ला बेग्लै बस्ने आदेश दिएछन् । त्यसकारण १० भाइले आफूसँग शारीरिक सम्बन्ध रहेका बहिनी लिएर अलग-अलग बस्न थालेछन् । यसरी १० जोडी वेग्ला वेग्लै गाउँमा रहेर जीविका गर्न थालेछन् । यता वावु-आमा भने छोरा छोरी देखि अलग्गै वस्न नसक्ने अवस्थामा पुगेछन । एक दिन पिन्चु हडाम छोरा छोरीको हाल खवर वुझ्न प्रत्येक घर गएछन् । उनले आफ्ना छोरा जे जस्तो अवस्थामा पाए त्यही अनुसार उनीहरुको नाम राखेछन् र यिनै नाम पछि थर रहन गयो । जेठो छोरा

बसेको घर अगाडी 'किस्कु' चुडे डारी (फुलको बोट) थियो । त्यसको नाम 'किस्कु' राखियो । यसले राजकाजको काम हेर्ने भयो । त्यस पछि उनीहरु माहिला छोराकहाँ गए । उसले घर अगाडी आगनमा घोडा बाधेको थियो । यसको नाम 'सारेन' राखियो । उसले सिपाहीको काम हेर्ने भयो । त्यस पछि साहिलो कहाँ थए । उसकहाँ अन्न प्रशस्त थियो र उसको नाम 'मार्दी' राखियो । उसले खेतीको काम गर्ने भयो । काहिलो कहाँ जाँदा उसले पुजा गरेको थियो । उसको नाम 'मुर्मु' राखियो । राहिलो माटो खनेको खाडलमा जमेको पानीमा माछा मारिरहेको थियो । उसको नाम 'हाँस्दा' राखियो । ठाहिलो चाहिले तुम्दा (मादल) बनाइरहेको थियो । उसको नाम 'टुडु'राखियो अन्तरे मस्तसँग गीत गाएर बसि रहेको थियो । उसको नाम 'बेसरा' राखियो । जन्तरेकहाँ सुपारी (गुए) भएकाले उसको नाम (गुवा) हेमरम राखियो । खन्तरे पन्ताभात (वासीभात) खाई रहेको थियो । उसको नाम थर बाँस्की राखियो । कान्छो भाई मूर्ख र बलियो थियो । उसको नाम 'चोडे' राखियो । (पन्त, २०४१)

डेल्टनले सतारका १२ थर भएको बताएका छन् ।

| | |
|---|---|
| १) सोरेन | ७) हमेरम |
| २) मुर्मु | ८) बेसरा |
| ३) मर्दी | ९) वास्की |
| ४) किस्कु | १०) कसवार |
| ५) हाँस्दा | ११) छोराई |
| ६) टुडु | १२) मरन्डी |

### २.३.३ सतार जातिको नेपालमा आगमन

नेपालको पूवी तराईको भापा, मोरडमा सतार जातिहरुको कहिले देखि वसोवास भएको हो भन्ने क्रममा अनुसन्धान कर्ताहरुले विभिन्न समयको अनुमान गरेका छन् । सवैको अनुमानलाई अध्ययन गर्दा १००-१५० वर्ष अघि देखि नै क्रमिक रुपमा उनीहरु नेपाल पसेका हुनु पर्दछ । अहिलेका बुढा-पाकाका अनुसार ३/४ पुस्ता भन्दा बढी यहि रहेको वताउँछन् । यहि कुरालाई विचार गर्ने हो भने सतारहरुको आगमन १००/१५० वर्ष अघि नै भएको अडकल गर्न सकिन्छ । सतारहरुको नेपाल आगमन सम्बन्धमा विभिन विद्वानहरुको भनाई यस प्रकार छ ।

सतारहरु भारतको वेस्ट वंगाल, उडिसा, भागलपुर, सन्थाल प्रगन्नाबाट नेपाल आएका हुन् (गौतम - १९९०-२१) । तर उनले कहिले नेपाल प्रवेश गरे भन्ने वारेमा तिथीमिति बताएका छैनन् । १८०३ ई. को खोजिमा नेपालको पूर्व तराईका राजवंशी, मेचे, धिमाल जातिको वारेमा उल्लेख गरेता पनि सतार जाति बारे उल्लेख पाइदैन (दाहाल २०५०, ७५, मेचिदेखी महाकाली, २०३१) । यसले के स्पष्ट पार्दछ भने सतारहरुको आगमन नेपालमा १८०३ भन्दा पछि मात्र भएको हो। हालको विहार राज्य विभिन्न जिल्लाबाट सतारहरु ६/७ दशक अघि नेपाल पसेका हुन् (दाहाल - २०३६)। सन् १८२६ को अनिकाल भारतको वंगाल र विहारको कृषिमा ठूलो परिवर्तन ल्यायो । यस वर्षको भयानक अनिकाल गर्दा यस क्षेत्रका एक तिहाई मानिसहरु मरे, वाचेकाहरु आफ्नो ठाउँ छोडेर राम्रो ठाउँको खोजिमा हिंडे, केहि जाति नेपाल पसे, तिनलाई नेपाल सरकारले तराइमा स्थायी रुपमा वसोवास गर्न प्रोत्साहन दियो (कट्टेल - २०४२, पृ. २०) । १८५० ई. देखि झापामा विर्तावालहरुले जंगल फडानी गरी विभिन्न जनजातिलाई ल्याई वसोवास गराउन थालेको देखिन्छ जसमा सतार पनि थिए । सतारहरुको आगमन २००७ सालपछि पनि भएको देखिन्छ (दाहाल, २०५०) ।

यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने सतारहरु आज भन्दा १००/१५० वर्ष भन्दा पहिला देखि नेपाल आगमन हुन थालेको किटान गर्न सकिन्छ ।

## २.४ सतार जातिको विवाह सम्बन्धी समाजशास्त्रीय अध्ययनः एक समीक्षा

यस्तै अनुसन्धान गर्ने रुपमा विशेष गरी तराइको जनजातिको बारेमा अध्ययन गर्ने क्रममा सबैभन्दा पहिले डोर बहादुर विष्टले १९६७ मा सतार लगायत १२ वटा जनजातिको अध्ययन गरी "People of Nepal" नामक ग्रन्थ लेखि प्रकाशन गरेको पाइन्छ । विष्टले प्रस्तुत पुस्तकमा सतार जातिको बारेमा वर्णनात्मक परिचय संक्षेपमा प्रस्तुत गरेको पाइएता पनि सतार लगायत अन्य जातिहरुको समूदायमा भएका परिवर्तनको प्रक्रियालाई उल्लेख गरेको पाइँदैन ।

नेपालका विभिन्न जात जातिहरुको विवाह गर्ने आफ्नै सामाजिक-सांस्कृतिक मुख्य मान्यता र परम्परा रहेको देखिन्छ । सामान्यतया को संग विवाह गर्नु हुने वा नहुने भन्ने कुरा हरेक सांस्कृतिक समुहको आ-आफ्नै सांस्कृतिक नियम कानुन रहेको पाईन्छ (ईम्बर र

ईम्बर १९९४, शर्मा २०५८) । हरेक जातिमा कसले को संग विवाह गर्ने भन्ने वारेमा आ-आफ्नो सांस्कृतिक मूल्य मान्यताहरु रहेको पाईन्छ । जसलाई समाजशास्त्रीहरु वैवाहिक नियम मान्दछन् (श्रेष्ठ, २०२८) ।

सतारहरुको वैवाहिक सम्बन्ध आफ्नै समूह भित्र तर थर नमिल्ने र नाता नपर्नेसँग कायम गर्ने गर्दछन् । उदाहरणका लागि किस्कु थरका केटा किस्कु थरकी केटीको विवाह हुँदैन । त्यस्तै प्रकारले सतारका १२ वटा थरमा चाडै, पोडिया, बेसरा थर सबै भन्दा तल्लो दर्जाका थर भएकाले उक्त थर सँग अन्य थरले वैवाहिक सम्बन्ध कायम गर्दैनन् । सतार जातिको विवाह गर्दा आफ्नै प्रकारको नियम-कानुन रहेको छ । तर उनले किन विवाह हुँदैन त भन्ने कुरालाई देखाएका छैनन् तर पनि यसले के स्पष्ट पार्दछ भने यस जाति भित्र पनि जातिय उच्च निच्च वा छुवा-छुतको अवधारणा व्याप्त रहेको देखाउँछ । जसको प्रभाव सामाजिक सम्बन्ध जस्तै विवाहमा पनि देख्न सकिन्छ । तर केही समाजशास्त्री तथा मानवशास्त्रीहरुले पनि यसै किसिमको तथ्याङ्क प्रस्तुत गरेका छन् (कट्टेल २०४२: ४३) ।

सतार समूदायमा अन्य जातिमा झैं एक पत्नी विवाह बढी प्रचलित रहेको  छ । तर पहिलो पत्निबाट छोरा-छोरी नभएमा उनी रोगी भएमा भने अर्को विवाह गर्ने प्रचलनलाई समाजले स्वीकार गरेको पाइन्छ । यदि पहिलो श्रीमतिको मृत्यु भएमा उसको बहिनी छ भने ससुराली र ज्वाइको नाता कायमै राख्ने गरी साली नै विवाह गर्ने गराउने गरिन्छ । यसै गरी सतार महिलाको आफ्नो पतिको मृत्यु भएमा आफ्नो देवरसँग विवाह गर्ने अर्थात देवर भाउजु बिच विवाह गर्ने प्रचलन छ (मेची देखि महाकाली, २०३९) ।

सतार जातिमा विवाह गर्दा एउटै रगतको नातामा गर्दैनन् यसै गरी आमा तिरका नातेदार संग पनि गरिँदैन । यो जातिमा आफ्नै थर विशेष मिल्ने संग मात्र विवाह गर्ने चलन छ ? सतार जातिमा मागी विवाहलाई वैधानिक र प्रचलित विवाहको रुपमा लिइन्छ । भने अन्य चोरी विवाह, प्रेम विवाह, जवरजस्ती विवाह, विधवा विवाह जस्ता सबै प्रकारका विवाहले स्वीकृति पाएको देखिन्छ (मेची देखि महाकाली १९९४, दाहाल २०५१) । तर यस लेखमा सामाजिक वैधानिक नियम भन्दा फरक तरीकाले विवाह गरेमा के गरिन्छ भन्ने वारेमा स्पष्ट व्याख्या गरेको देखिँदैन ।

सतार समुदायमा पनि अन्य जातिहरु झै जवरजस्ती विवाह गर्ने प्रचलन रहेको छ। यस्तो विवाह आफूले मन पराएकी केटीलाई जवरजस्ती भगाएर लैजाने गरिन्छ । यस्तो विवाहलाई सतार भाषामा इतुत बाप्ला भनिन्छ। यदि केटाले मात्र मन पराएमा हाट बजार, मेला-पात जहाँ पनि सिन्दुर लगाइदिने चलन छ र केटीलाई यसरी सिन्दुर लगाई दिएमा समाज राखी विवाह गरिदिने चलन छ (श्रेष्ठ, २०२८)। यदि कसैले परम्परा तोडेर एकै थर भित्र विवाह गरे केही रुपैयाँ र केही थाली खानाको भोज गराउनु पर्दछ। यस्तो चलन अन्य जातजातिमा पनि पाउन सकिन्छ (कट्टेल र क्षेत्री २००४)।

वाल विवाह र अन्तरजातिय विावह नहोस् भनेर यिनीहरु वडो सचेत देखिन्छन् । विवाह पुर्व यौन क्रियाकलाप छुट देखिए पनि केटी गर्भवती भएमा केटाले जिम्मा लिनु पर्ने सामाजिक मान्यता छ (गौतम २०६७) ।विवाहको प्रकार र नियम कानुनहरुमा मात्र केन्द्रित भएर अध्ययन गरेको देखिन्छ । तर विवाह र अन्य सामाजिक संस्थाहरुवीचको सम्बन्ध कस्तो छ भन्ने कुरालाई स्पष्ट रुपमा हेर्ने प्रयास गरिएको छैन । यस अध्ययनको विषय वस्तुलाई केही हदसम्म हेर्ने प्रयार गरिएको छ।

# अध्याय - तीन

## अनुसन्धान विधि

यस अध्ययनमा अनुसन्धातकर्ताले अनुसन्धान सम्बन्धी समस्याहरुको उत्तर प्राप्त गर्नको लागि प्रयोग गरिएको विधिहरु जस्तै अध्ययन क्षेत्र छनौटको औचित्य, समग्रता र नमुना छनौट, तथ्यांक संकलन विधी (सामूहिक छलफल, जनगणनाविधि, अन्तरवार्ता विधि, अवलोकन) तथ्यांकको प्रस्तुतिकरण र अध्ययाका सिमाहरुको वारेमा व्याख्या गरिएको छ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

क) सतार जातिको वसोवास यस क्षेत्रमा परम्परागत रुपमा भएकोले गर्दा उनीहरुको विवाहको बारेमा बुझ्न यो क्षेत्र बढी उपयुक्त देखियो। अनारमनी गा.वि.स. अन्य क्षेत्रहरु भन्दा यस भागमा सतारहरुको वस्ती घना भएकोले यो क्षेत्रलाई विस्तृत अध्ययनको लागि छनौट गरिएको थियो । जसवाट सतार जातिको विवाह अन्य सामाजिक, सांस्कृतिक र राजनैतिक पक्षको अन्तर सम्वन्धलाई संरचनात्मक प्रकार्यवादी दृष्टिकोवाट हेर्न उपयुक्त थियो।

ख) झापा जिल्लाको विभिन्न क्षेत्रहरु मध्ये अनारमनी गा.वि.स. शहरीकरणको प्रक्रिया धेरै अगाडी देखिन्छ। यो गा.वि.स. नै भएता पनि झापा जिल्लाको आर्थिक रुपले केन्द्र विन्दु बन्दै गएको छ। यसरी शहरीकरण, वजारीकरण, औद्यौगिकरण संगसंगै सतार जातिले पनि आफ्नो परम्परागत पेशा छोडी ज्याला-मजदुरी (रिक्सा तान्ने, घर बनाउने, चिया वगानमा काम गर्ने) आदि कार्यमा सहभागी हुन थालेका छन्। यस्तो गर्दा उनीहरुको आर्थिक प्रणालीमा क्रमश परिवर्तन आउँदै गएको देखियो। यसले उनीहरुको आर्थिक पक्ष मात्र होइन अन्य सामाजिक, सांस्कृतिक पक्षहरु जस्तै विशेषगरी विवाहमा पनि परिवर्तन ल्याएको हुन सक्छ। त्यसले के कस्तो परिवर्तन ल्यायो त्यसलाई बुझ्नका लागि पनि यो क्षेत्र उपयूक्त थियो।

ग) झापा जिल्ला औलो उल्मुलन पछि पहाडी मूलका मानिसहरुको आगमन बढ्न थाल्यो पहाडी मूलका मानिसहरुको आगमन सँगै तराइमूलका मानिस जस्तै-सतार, धिमाल, राजवंशि, मेचे, थारु आदिको बिचमा घुलमिल हुन थाल्यो। यस्तो घुलमिलले सतार

जातिको विवाहमा कस्तो प्रभाव पाऱ्यो त्यो बुझ्न पनि यो क्षेत्र उपयूक्त भएकाले छनोट गरिएको थियो ।

## ३.२ समग्रता र नमूना छनौट

नेपालमा सतार जातिको वसोवास झापा, मोरङ, सुनसरी जिल्लाहरुमा रहेको पाइन्छ (तथ्याङ्क विभाग - २००१) । अध्ययनका लागि झापा जिल्लालाई उद्देश्यमूलक रुपमा छनौट गरियो । तथ्याङ्क विभागको २००१ को तथ्याङ्कले झापा जिल्लाको विभिन्न गा.वि.स.हरु र नगरपालिकाहरुमा सतार जातिको वसोवास रहेको देखिन्छ । यी गा.वि.स.हरु र नगरपालिकाहरु मध्ये अनारमनी गा.वि.स. लाई अनुसन्धानकर्ताले उद्देश्यमूलक रुपमा छनौट गरेको थियो । अनारमनी गा.वि.स.मा सतारहरुको केही वस्तीहरु रहेको थियो । तर अन्य वस्तिहरुमा ३ देखि ४ घर सम्म रहेको र काब्रियावाडीमा ३६ घर रहेको हुँदा यसै क्षेत्रलाई नमूनाको रुपमा छनौट गरियो ।

माथि भनिए अनुसार काब्रियावाडीमा ३६ वटा घरधुरी भएको हुँदा अनुसन्धानकर्ताले सबै घरधुरीलाई अध्ययनका लागि छनौट गरेको थियो । सबै घरधुरीबाट घरधुरी सर्वेक्षण गरिएको थियो ।

## ३.३ तथ्याङक संकलनका विधिहरु

यस अध्ययनमा अनुसन्धान कर्ताले सतार जातिको विवाह पद्धतिका बारेमा अध्ययन गर्दा प्राथमिक विधिहरु प्रयोग गरिएको थियो । प्राथमिक विधिहरुमा सामूहिक छलफल, अवलोकन विधि, अन्तरवार्ता विधिको प्रयोग गरि तथ्याङ्क संकलन गरिएको थियो भने द्वितिय तथ्याङ्क विधिमा विभिन्न पत्र-पत्रिका, जिल्ला विकास समिति (जि.वि.स.), गाउँ विकास समिति (गा.वि.स.), गैह्र सरकारी संस्था (एन.जि.ओ)., अन्तराष्ट्रिय गैह्र सरकारी संस्था (आई.एन.जि.ओ.) को प्रयोग गरि तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.३.१ सामूहिक छलफल

यस विधिमा अनुसन्धान कर्ताले सम्पूर्ण जनसंख्याबाट ९/९ जनाको समूह बनाई सामूहिक छलफलबाट तथ्याङ्क संकलन गरिएको थियो । यस समूहमा बुढा-पाका, युवा-

युवति, विवाहित-अविवाहित सतारहरुको समूह बनाइएको थियो । यो समूहबाट अनुसन्धानकर्ताले विवाह केन्द्रित भएर र यसमा आएको परिवर्तन, विवाहको सामाजिक, आर्थिक पक्षहरुको सम्बन्धको बारेमा तथ्याङ्कहरु प्राप्त गरेको थियो । जस्तै - अन्तरजातिय विवाह भएमा सामाजिक रुपमा समस्या आएमा त्यसलाई कसरी समाधान गर्दछन् । यो छलफल सतार वस्तीमा नै वसेर गरिएको थियो ।

### ३.३.२ जनगणना विधि/संगमना विधि

यस विधिमा अनुसन्धानकर्ताले सतार घर संख्या ३६ मात्र भएकाले सम्पूर्ण जनसंख्या थाहा पाउन जनगणना विधिको प्रयोग गरेको थियो । कुनै घरमा घरमूलिबाट तथ्याङ्क लिइयो, कही बुढापाकाले भन्न नसकेको वा नभएको हुँदा युवा यूवतिबाट तथ्याङ्क संकलन गरेको थियो । केही घरमा घर धुरी सर्वेक्षण गर्दा पटक-पटक जानु परेको थियो किनकि सतारहरु दैनिक ज्यालादारी, मजदुरी गर्ने भएकाले भनेको दिनमा घरमा भेटिएको थिएन । जनगणनावाट पारिवारिक विवरण, वैवाहिक विवरण, आर्थिक, सामाजिक अवस्थाको बारेमा तथ्याङ्क संकलन गरेको थियो ।

### ३.३.३ अन्तरवार्ता विधि

यस अन्तरवार्ता विधिमा अनुसन्धानकर्ता स्वयंम सतार वस्तीमा गएर अन्तरवार्ता विधि सामूहिक छलफलबाट तथ्याङ्क संकलन गरेको थियो । अन्तरवार्तामा सतार बुढा-बुढी, यूवा-यूवती, विवाहित-अविवाहित महिला पुरुषहरु बसी अन्तरवार्ताबाट उत्तरहरु प्राप्त गरी तथ्याङ्कहरु संकलन गरेको थियो । सतार समूदायले कसरी विवाह गर्दा रहेछन्, के कस्ता सामानको प्रयोग गर्दा रहेछन्, केटी कसरी माग्ने, केटी माग्न के गर्दा रहेछन्, भोज कस्तो गर्दा रहेछन्, सामाजिक, आर्थिक, धार्मीक अवस्था कस्ता रहेछन् सम्पूर्ण कुराको जानकारी यस विधिबाट लिएको थियो ।

परम्परागत विवाह र आधुनिक विवाहमा के कस्ता परिवर्तन आएको छ, उनीहरुले प्रयोग गर्ने सामानमा के-कस्तो परिवर्तन आएको छ, सामाजिक, आर्थिक, धार्मिक लगायत अन्य पक्षमा के कस्तो परिवर्तन आएको छ भन्ने कुरामा पनि अन्तरवार्ता गरिएको थियो जसबाट परिवर्तनका कारण र कारक तत्वको तथ्याङ्क प्राप्त गर्न सफल भएको थियो ।

विवाहको अन्य सामाजिक-सांस्कृतिक तथा आर्थिक पक्षसंग सम्वन्ध वारेमा सोध खोज गरीएको थियो ।

अन्तरवार्ताको समयमा धेरै गह्रो भएको थियो । उनीहरुले प्रश्नहरुको उत्तर एकै शब्दमा दिने गर्दथे । जसबाट उत्तरहरु पर्याप्त नआउने हुन्थ्यो तर प्रश्नहरु गर्दै गए पछि र छलफल गर्दै गए पछि भने उत्तरहरु प्राप्त गर्न सफल भएको थियो ।

### ३.३.४ अवलोकन विधि

यस विधिबाट अनुसन्धान कर्ताले सतारहरुको सामाजिक अवस्था, सानाले ठूलालाई गर्ने व्यवहार, ठूलाले सानालाई गर्ने व्यवहार, घरको वनावट, पारिवारिक अवस्था, उनीहरुले लगाउने पोशाक, गर-गहना, उनीहरुले घरमा गर्ने काम, रहन-सहन, बानी-व्यहोरा, सामाजिक सम्बन्धहरु जस्तै बुढा-पाका, केटा-केटी, श्रीमान-श्रीमतिको अवस्थाको वारेमा अवलोकन गरी तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्कको विश्लेषण

अनुसन्धान गरी संकलन गरी ल्याइएका तथ्याङ्कहरुलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । सामान्य तथ्याङ्कशास्त्रिय विधिबाट कुनै संख्यात्मक र कुनै प्रतिशतमा निकालि प्रस्तुतिकरण र विश्लेषण गरिएको छ । यसै गरी गुणात्मक तथ्याङ्कहरुलाई विषयवस्तुहरुको आधारमा वर्गीकरण गरीएको छ । सोही अनुरुप तिनलाई तर्कपूर्ण विश्लेषण गर्ने प्रयास गरिएको छ । यी तथ्याङ्कलाई लिपिवद्ध गरिएको छ ।

## ३.५ अध्ययनको सीमा

सतार जातिको विवाहको अध्ययनको लागि आवश्यक श्रोत, साधन र समयको सिमिततालाई ध्यानमा राखी विवाहको अध्ययन गर्दा निम्न सीमाहरु रहने छन् -

क) यो झापा जिल्ला अनारमनी गा.वि.स. वार्ड नं. १, काब्रियावाडीका सतार जातिको विवाहको मात्र अध्ययन हुनेछ ।

ख) यसमा सतार जातिको पहिले हुने विवाह र अहिले हुने विवाहमा के कस्तो परिवर्तन हुँदै आएको छ, परिवर्तन आउनाका कारक तत्वहरु के के हुन् त्यो कुरालाई समेटिने छ । सतारसंग जोडिएका अन्य पक्षलाई त्यति ध्यान दिइएको छैन ।

ग) मैले प्रयोग गरेका विधिहरुको आफ्नो सीमा भएको हुँदा सबै कुरालाइे समेट्न नसकेको हुन सक्छ ।

घ) यसलाई संरचनात्मक प्रकार्यवादी दृष्टिकोण हेरेको छ, अन्य दृष्टिकोणहरु हेर्दा सतारहलाई छुट्टै देखिन सक्छ ।

ङ) सतार जातिको विवाह र अन्य सामाजिक, सांस्कृतिक तथा राजनैतिक सम्वन्धलाई हेर्ने प्रयास गरीएको छ । त्यसैले अन्य पक्षहरुलाई यो अनुसन्धानले समेट्न सकेको छैन ।

# अध्याय - चार

## अध्ययनको क्षेत्र र सतार जातिको सामान्य परिचय

### ४.१ झापा जिल्लाको परिचय

झापा जिल्ला नेपालको पूर्वाअञ्चल विकास क्षेत्र अन्तरगत सुदुरपूर्वी तराइको एक विकसित जिल्ला हो । क्षेत्रफल र जनसंख्याको हिसामवमा ४७ औं र चौथो स्थानमा पर्ने यो जिल्ला उत्तरमा २६° २०' देखि २६° ५०' आंक्षास सम्म र पूर्वमा ८६° ३९' देखि ८८° १२' देशान्तर सम्म फैलिएको छ । यो जिल्ला समुन्द्र सतहबाट ५८ मि देखि ५०० मि सम्मको उचाइमा अवस्थित छ । जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मी भएको यस जिल्लाको पूर्व पश्चिम लम्बाई ४६ कि.मि. र उत्तर दक्षिण सरदर २९ कि.मी. छ । यहाँ साल, सिसौ, टीक, कदम, सीमल, जामून जस्ता वनस्पति पाइने सदावहार जंगल पाइन्छ (श्रोत : जि.वि.स. २०५८) । यो जिल्लाको मुख्यबाली धान, चिया हो । साथै वन जंगलबाट बहने मनसूची वायूको कारणले यहाँ धेरै वर्षा हुने गर्दछ ।

नेपालको मेची अञ्चल भित्रका चार किल्लाहरु मध्ये तराई क्षेत्रमा पर्ने जिल्ला झापा एक हो । मेची अञ्चलका चार जिल्लाहरु मध्ये नै सबै भन्दा बढी जनघनत्व भएको जिल्ला यहि हो (तथ्याङ्क विभाग, २०५८) । सरकारबाट यसै क्षेत्रमा पुनर्वास सुविधा मिलाएको कारणबाट पनि यहाँ बढि बसोवास भएको हो । यस जिल्लामा विभिन्न सुविधाहरु ज्स्तै - समथल जमीन, अस्पताल, खाने पानी यातायात, विद्यालय बाटो-घाटो, बाली-नाली आदि जस्ता सुविधाले अन्य छिमेकी पहाडी जिल्लाहरुको तुलनामा पहाडी जिल्लाहरुबाट बसाई सराई गरी आउने क्रम जारी रहेको कुरा अनुसन्धानको क्रममा पाइयो । यसरी बसाई सराई संगसंगै झापा जिल्लामा पहाडी मुलका जात जाति र नयाँ जातिको आगमन संग-संगै स्थानीय जातिहरुको विशेषत सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षहरुमा पनि निरन्तर परिवर्तन हुँदै आएको देखिन्छ । जसलाई पछिल्ला अध्यायहरुमा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

झापा जिल्लामा ४७ गा.वि.स. र ३ नगर पालिका छन् । झापा जिल्लामा मेची नगर पालिका, ज्यामीर गढी, धाइजन, काकडभिट्टा, दुहागडी, अनारमनी, गरामनी, हल्दीवारी,

सुरुङ्गा, महेशपुर, चन्द्रगढी, भद्रपुर, शरणामति, कुमरखोद, टाघनडुब्बा, सतासीधाम, राजगढ, धौलाडुब्बा, चारपाने, तुल्सीवारी, आदि ठाउँमा सतारहरु बसका छन् । यसका अतिरिक्त सुनसरीको इनरुवा र इटहरीमा केहि सतारहरुको वसोवास भएको पाइन्छ भने मोरङ्गको उर्लारवारी तथा झापाको सीमाना सित जोडिएका मोरङ्गका गा.वि.स.मा पनि सतारहरुको वसोवास रहेको पाइन्छ (तथ्याङ्क विभाग, २०५८) ।

झापा जिल्लाको जम्मा जनसंख्या - २०५८ सालको जनगणना अनुसार ६३३०४२ रहेको छ । जसमा सतारहरुको जम्मा जनसंख्या २२७३२ छ । जो जिल्लाको सम्पूर्ण जनसंख्याको ३.५९% रहेको छ (श्रोत : जि.वि.स., २०५८) ।

## ४.२ अनारमनि गा.वि.स.को परिचय

यो अनुसन्धान झापा जिल्लाको अनारमनी गा.वि.स. मा वसोवास गर्ने सतार जातिको विवाहमा केन्द्रित रहेको छ । यस गा.वि.स.मा विभिन्न जात-जातिहरुको वसोवास रहेको छ । यहाँ वसोवास गर्ने जातिहरुमा ब्राम्हण, क्षेत्री, राजवंशी, थारु, सतार, मुस्लिम, राई-लिम्बु, माडवाडी, नेवार, मगर, तेली, वङगाली, सन्यासी, दमाई, धिमाल, ठकुरी, किसान, मेचे, गुरुङ, कुर्मी, कोचे, कमार, जैन, लगायतका रहेका छन् । सतार जातिको वसोवास अनारमनी गा.वि.स.को विभिन्न क्षेत्रमा भएता पनि काक्रियावाडीमा वढी जनघनत्व रहेको छ ।

अनारमनी गा.वि.स.को मुख्य वालीहरुमा धान, मकै, गहु, उखु, केरा, आप, चिया, सुपारी, लिची, नरिवल, लगायत अन्य रहेके छ । यहाँका मानिसहरु खेती पाती व्यापारतिर परनिर्भर भएर वसेका छन् । खेती-पाती लगायत यहाँका मानिसहरु व्यापार व्यवसाय पनि गर्ने गर्दछन् । यहाँका मानिसहरुलाई विभिन्न भौतिक सुविधाहरु रहेको छ । यहाँ यातायात, स्कुल, कलेज, अस्पताल, खानेपानी, टेलिफोन लगायत अन्य मानविय आवश्यकहरुको राम्रो सुविधा रहेको छ । शहरीकरणको प्रभाव संग-संगै मानिसहरु क्रमिक रुपमा परम्परागत पेशा (खेतीपाति) लाई छोडी नयाँ पेशाहरु-व्यापार, व्यवसाय, रोजगारी, ज्यालादारी आदि तर्फ लाग्न थालेका छन् ।

यो भौगोलिक दृष्टिकोणवाट हेर्ने हो भने विर्तामोडबाट पूर्व - दक्षिण ४ किलोमिटर र विर्तावजारबाट ५ किलोमिटर पूर्व रहेको छ । सतारहरुको वसोवास आजभन्दा २/४ पुस्ता अघिवाट भएको बताउँछन् । सतार बुढाबुढीहरुका अनुसार पहिला-पहिला यहाँ सतार वस्ती एकदमै बाक्लो र ठुलो वस्ती थियो । यहाँ लगभग १००/१५० घर बस्ती रहेको थियो । अन्य जातको आगमन साथै आर्थिक उपार्जनको कारणले गर्दा यहाँका सतारहरु यहाँबाट अन्य ठाउँमा वसाई सरेर जाने क्रम संगसंगै यिनीहरुको वस्ती पनि पातलो र सानो हुँदै गएको स्थानीय वुढापाकाहरुले अध्ययनका क्रममा बताए ।

अध्ययनका समयमा यस क्षेत्रमा सतार लगायत अन्य जातिहरुको पनि वसोवास रहेको पाइयो । अन्य जातिहरुमा ब्राम्हण, क्षेत्री, थारु, कोचे, मेचे, माझी, तामाङ, लगायत अन्य जातका मानिसहरुको वसोवास रहेको छ । तर पनि सतारहरुको घरहरु भने एकै ठाउँमा झुरुप्प भएर एक घरको आगन अर्को घरमा जोडिएर रहेको अनुसन्धानको क्रममा पाइयो । खेतिपातीका साथै चिया वगानमा मजदुरी, ज्यालादारी, कल गाड्ने, मिस्त्रिको काम लगायत अन्य आर्थिक पार्जन हुने काम गरी आफ्नो जिविका चलाएको पाइयो ।

सतारहरु आफ्नो जाति भित्र बोल्दा आफ्नो भाषा बोल्ने गरेको पाइयो भने अन्य जातिसंग बोल्दा नेपाली भाषा पनि बोल्ने गर्दा रहेछन् । यहाँका सतारहरु वुढापाका देखि केटाकेटी सम्ममा नेपाली बोल्ने गरेको पाइयो ।यसले के स्पष्ट पार्दछ भने, नेपाल सरकारले नेपाली भाषालाई राष्ट्रिय भाषाको रुपमा अंगीकार गरेपछि सतार जातिमा पनि यसको प्रभाव देखिएको छ । जसको परिणाम स्वरुप यिनीहरुमा नेपालीकरण प्रक्रिया वढ्दै गएको देखिन्छ । अनुसन्धानकर्ताले पनि उनीहरुसँग कुराकानी गर्दा नेपाली भाषा नै प्रयोग गरेको थियो ।

### ४.३ उमेरका आधारमा काब्रियावाडीका सतार जनसंख्या

काब्रियावाडीका सतार जनसंख्यामा वुढावुढी, केटाकेटी, युवायुवती, विवाहित, अविवाहितलाई निम्न तालिकामा देखाइएको छ ।

## तालिका नं. १ : उमेरका आधारमा काब्रियावाडीका सतार जनसंख्या

| उमेर | पु संख्या | प्रतिशत | म संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ०–४ | ९ | ७.२ | ११ | ९.७३ |
| ५–९ | १५ | १२ | १६ | १४.१६ |
| ९–१४ | १५ | १२ | १३ | ११.५० |
| १५–१९ | १३ | १०.४ | १२ | १०.६२ |
| २०–२४ | १३ | १०.४ | ११ | ९.७३ |
| २५–२९ | ६ | ४.८ | ५ | ४.४२ |
| ३०–३४ | ८ | ६.४ | ५ | ४.४२ |
| ३५–३९ | ७ | ५.६ | ६ | ५.३१ |
| ४०–४४ | ८ | ६.४ | ७ | ६.१९ |
| ४५–४९ | ९ | ७.२ | ८ | ७.०८ |
| ५०–५४ | ७ | ५.६ | ६ | ५.३१ |
| ५५–५९ | ५ | ४ | ४ | ३.५४ |
| ६०–६४ | ४ | ३.२ | ५ | ४.४२ |
| ६५–६९ | ४ | ३.२ | ३ | २.६५ |
| ७०–माथि | २ | १.६ | १ | ०.८८ |
| जम्मा | १२५ | १०० | ११३ | १०० |

श्रोत : कार्य क्षेत्र अध्ययन

यस तालिकामा काब्रियावाडीका सतारहरुको जनसंख्यालाई देखाइएको छ । यसमा १ देखि ७० भन्दा माथिका जनसंख्यालाई देखाइएको छ । जसमा जम्मा जनसंख्या २३८ रहेका छन् । ती मध्ये पुरुष १२५ र महिला ११३ रहेका छन् ।

# अध्याय - पाँच

## ५. सतार समुदायको सामाजिक, आर्थिक र धार्मिक अवस्था

### ५.१ सामाजिक अवस्था

सतार जातिको आफ्नै मौलिक संस्कृति, सामाजिक-सांस्कृतिक, राजनैतिक धार्मिक संस्थहरु रहेको छ । केही संस्थाहरु निरन्तर रुपमा परिवर्तन हुँदै आएका छन् भने केही अभै पनि निरन्तर रुपमा रहेका छन् । प्रकार्यवादी समाजशास्त्रीहरुले भने भैं यस अध्ययनमा सतार जातिको विवाह र त्यसको संस्था अरु सामाजिक-सांस्कृतिक तथा राजनैतिक संस्थाहरुसँग एक-अर्कामा अन्तर सम्बन्धित र अन्तरनिर्भर रहेको छ जसलाई तलका शीर्षहरुमा व्याख्या गरिएको छ ।

### ५.२ सतार समूदायको सामाजिक-राजनैतिक संस्था

सामाजिक मुल्यतामा कहीलेकाही विभिन्न कारणहरु जस्तै अन्तरजातिय विवाह, आफ्नै नातामा विवाह भै-भगडा आदिले विचलन ल्याउने गर्दछ । सतार जातिमा उत्पन्न हुने विचलन समधान गर्नका निमित्त आफ्नै किसिमको सामाजिक तथा राजनैतिक संस्थाहरु रहेको पाइयो । जसमा माभि हडाम, जगमाभी, नाइके, गुणित (चौकिदार) रहेको हुन्छ । यसलाई सतार भाषामा 'गुमस्ता' भन्ने गरेको बताए ।

सतारहरु परम्परागत रीतिरिवाजलाई श्रेष्ठ ठान्दछन् । उनीहरुको आफ्नै समाज व्यवस्था छ । सतारहरुको आफ्नै मूल्य-मान्यता र विश्वासमा अडेको छ । तर पनि परिवर्तनशील समाजको प्रभावमा परेर केही पक्षमा परिवर्तन आएको कुरा यहाँका सतार यूवाहरु बताउँछन् । यहाँका सतारहरु वर्तमान आधुनिक यूगको प्रभावमा परेर नयाँ शिलशिला अपनाउनु पर्ने अनुभव गर्न थालेका छन् । यहाँका सतारहरुको लवाई-खुवाई रहन सहन, व्यवसायमा भएका केहि परिवर्तनलाई स्वीकार गर्छन् भने समाज व्यवस्था नियम र शासन प्रणालीलाई परम्परागत रुपमा चलाउँदै लगेको बताए । यो समाजमा प्रत्येक गाउँमा एक-एक वटा गुमस्ता रहेको हुन्छ, जसले समाजमा आई परेका समस्याहरुको समाधान गर्न मूख्य भूमीका निभाउने गर्छ भनी सतारहरु बताउँछन् । एउटा समाजभित्र भएका सामाजिक

विचलन आफ्नै समाजको गुमस्तावाट समाधान गर्दछन् भने दुई वटा गाउँको वीचमा भएका सामाजिक विचलनलाई समाधान गर्नु परेमा दुवै गाउँमा गुमस्ता मिलेर समाधान गर्ने कुरा सतारहरुले बताए । यसरी प्रकार्यवादी समाजशास्त्रीहरुले भने झैं गुमस्ता समाज भएको विचलन हटाइ पुन समाजमा एकता कायम गर्दछ ।

### ५.२.१ माझी हडाम

उनीहरुको गाउँको सम्पूर्ण कार्यको संचालनको लागि एक प्रमुख व्यक्तिलाई छान्ने प्रचलन रहेको बताए जसलाई माझी हडाम भनिन्छ । माझी हडाम (मुखिया) को चयन गाउँका सबै सतारहरु मिलेर एक योग्य, न्याय-निसाफ गर्न सक्ने, चलाख, निडर, बुद्धिमान र समाज नियन्त्रण गर्न सक्ने क्षमता भएको व्यक्तिलाई चुन्ने बताए । एक पटक भएपछि उसले आफ्नो भूमिका निर्वाह गरुञ्जेल सम्म उ सो पदमा रहीरहन्छ । तर ऊ शारीरिक रुपमा असक्षम भएमा अर्को व्यक्ति पुनः समाजले नियूक्ती गर्दछ । सतार समूदायले दिएको अधिकारबाट उसले निर्णायक भूमिका खेलेको हुन्छ, जुन सबै सतारहरुको लागि मान्य हुने कुरा बताए । आजका यूवा सतारहरु पनि आफ्नो समाजको नियम, कानुन र मान्यतालाई मान्दै आएको र यसमा परिवर्तन गर्न नेपाल सरकारका नियमको आवश्यकता नभएको बताए । तर कुनै झै-झगडा माझी हडामबाट सुल्झाउन नसके, केहि गरे पनि नभए अन्तिम समयमा पुलिस चौकी जान थालेको बताए । तर पनि उनीहरुलाई उनीहरुकै समाजले दिएको दण्ड, सजाय र पुरस्कार नै उचित रहेको बताए ।

समाजको फैसला सबैले मान्नु पर्ने हुन्छ । झै-झगडा जसले हारेको ठहर्छ उसले रक्सी ख्वाउनु पर्छ । नमान्ने व्यक्तिलाई पानीबाट पुरै काडी, उ र उसका परिवारसउँग कुनै सम्बन्ध नराख्ने चलन छ । टर्नरले संस्कारमा यसलाई “लिमिनालिटी” (न घरको न घाटको) अवस्था मानेका छन् (टर्नर १९८१ । किनकि यस अवस्थामा सतार न त पूर्ण रुपमा आफ्नो जातवाट वाहिर गरेको हुन्छ न त उसले आफ्नो समाजले स्वीकार गरेको नै हुन्छ । भित्राउने प्रक्रिया आरोपित व्यक्तिले गाउँलेहरुलाई भोज खुवाउने, गुमस्ताले तोकेको दण्ड जरिवाना तिरी ऊ फेरी त्यो समाजमा घुलमिल हुने व्यवस्था छ । त्यसैले माझी हडामको पदको निकै ठूलो भूमीका रहेको पाइयो । प्रायः गाउँका सबैले मानेको व्यक्ति नै यस पदका लागि उपयुक्त हुन्छ तर यो पद उसको मृत्युपछि छोरासम्म जाने हुँदा कहिले काहिँ अलिक अप्ठेरो परिस्थिति सृजना हुने गरेको पाइयो ।

### ५.२.२ जगमाझी

जगमाझीले माझी हडामको अनुपस्थितिमा गाउँमा भएका झै-झगडा, समस्यालाई मिलाउने काम गर्ने बताए । साथै गाउँ भरिको रेख-देख गर्ने काम गर्ने बताए । माझी हडामको अनुपस्थितिमा जगमाझीले काम गर्ने बताए । जगमाझी पुरुष नै हुने गर्दछ । यी व्यक्ति सम्पूर्ण समूदाय मीलित एक निडर, चलाख, निर्णय गर्न सक्ने व्यक्तिलाई चुन्ने बताए ।

### ५.२.३ नाइके

नाइकेले सामूहिक चाडपर्वमा पूजा गर्ने, बलिदिने काम गर्ने बताए । मान्छे मरेको बेलामा अन्त्यष्ठिमा सहयोग गर्ने काम गर्ने बताए । विवाहमा नाइकेले केटी पक्षकोले जन्तीहरुलाई स्वागत गरी बसाउने, खाना खुवाउने काम गर्ने र केटा पक्षको नाइकेले केटा पक्षका जन्ति पाहुनालाई स्वागत गर्ने, भोज खुवाउने काम गर्ने बताए ।

### ५.२.४ गुणीत (चौकिदार)

गुणितले गाउँमा भएको घटनाको घर-घरमा खबर गर्दै सूचना दिने गरेको अध्ययनको क्रममा पाइयो । सूचना दिँदा घर-घरमा ढ्याङ्गो ठोक्दै समाजमा बस्ने सभाबारे जानकारी दिन्छ । पूजा-पर्वको समयमा गाउँबाट कुखुरा भेला गर्ने र नाइकेलाई सघाउने काम गर्ने बताए । गुणीतको नियूक्ती गाउँ सभाबाट सक्षम व्यक्तिलाई छान्ने बताए ।

### ५.२.५ राइवर बुढा

राइबर बुढाले विवाहमा केटि खोज्ने काम गर्ने बताए । कहाँ केटा केटी बढेका वा विवाह गर्न उमेर पुगेका छन् उनीहरुको खोजी गरी लमीको काम गर्ने बताए । यसका अतिरिक्त सतार समाजमा विभिन्न कार्यहरु गर्दा आफ्नै जातिवाट गर्ने गर्दछन् । सतार समाजमा हुने विभिन्न पूजापाठ, संस्कार आदि गर्ने कार्य राइवरवुढाले गर्ने गरेको कुरा यस अध्ययनका क्रममा पाइयो ।

### ५.२.६ विवाहसंग सम्बन्ध

सतार समूदायमा अन्तर जातिय विवाह, आफ्नै नाता भित्र विवाह गरेमा सम्बन्धित केटा-केटीलाई “पानी काढ्ने”गर्ने बताए । यस्तो घटना घटि सके पछि पुन : उनीहरुलाई आफ्नो समाजमा ल्याउन गाउँसभा बसी सम्बन्धित पक्षलाई दण्डजरिवाना गराइन्छ । गाउँ समाजमा सतार समूदायका ‘गुमास्ता’ लगायत केटा-केटीका आफन्त, गाउँका अन्य व्यक्ति बस्तछन् । यस्तो दण्ड जरिवानामा गाउँमा सम्वन्धित आरोपितले भोज भतेरको व्यवस्था गर्नु पर्ने बताउँछन् । भोज खुवाए पछि उनीहरुलाई पुन : समाजमा स्वीकार गर्ने बताए ।

### ५.२.७ सतार समूदायमा गाउँ सभाद्वारा मिलाइएको विवाह सम्वन्धि एक घटना

सतार समाजमा गुमस्ताद्वारा गाउँको समस्याको लागि समाधान गर्ने सभालाई गाउँ सभा भन्दछन् । यस्तो सभामा गाउँमा भएका झै-झगडा, कुटपीट विवाह सम्वन्धि समस्या, मुद्दा मामिला आदि समाधान गर्ने काम गरिन्छ । यसमा दोषीलाई अवदेखि यस्तो नगर्न भनी सबैका सामू माफी मगाउने र आवश्यक परे जरिवाना तिराउँने बताउँछन् । अनुसन्धान क्षेत्रको विवाह सम्वन्धि घटेको एक घटनाको समस्या यहाँ प्रस्तुत गरिएको छ ।

राजु मुर्मु एक विवाहित सतार हुन् । उनको विवाहमा केटीपक्षबाट विभिन्न सरसमान जस्तै - बेहुलीले लगाउने लुगा, कपडा, गर-गहना, अनुहारमा लगाउने सामानको माग गरेका थिए । तर कारणवस केटापक्षकाबाट लुगा कपडा कम लगेको थिए । केटी तर्फकोबाट यो कुरा थाहा भयो । केटी पक्षकाबाट विवाद सिर्जना भयो । आफ्नो माग अनुसारको सामान नल्याएकोमा उनीहरु रिसाए । विवादले विवाहमा ठूलो रुप लियो । यो विवादलाई पुनः समाधान गर्न केटा र केटी तर्फका ‘गुमस्ता’ बसी छलफल गरे । छलफलबाट केटा पक्षबाट केही कपडा किन्ने पैसा केटी पक्षलाई दिने निर्णय भयो र यो विवाद समाधान भयो । यस पछि पुन : विवाहको कार्य शुरु भई विवाह समाप्त भयो । यस्ता समस्याहरु सतार समूदायको विवाहमा कहिलेकाही आउने कुरा यहाँका सतारहरु बताउँछन् ।

### ५.२.८ दर्गिन

गाउँलेहरुले एउटा सुडेनीको काम गर्ने महिला छान्दछन् । जो अनुभवी र कार्य गर्न दक्ष भएकी महिलालाई सबै गाउँले मिलेर छान्ने गरेको बताए । दर्गिनले गर्भवती महिलालाई बच्चा जन्माउने बेलामा सहयोग गर्ने साथै बच्चाको नामकरण र सुत्केरी चोख्याउने काम गर्छिन् भनी बताए । यो काम गराए बापत उनलाई आफ्नो औकात हेरी केहि पैसा र लुगा दिने बताए । तर हाल आएर दर्गिनबाट सुत्केरी गराउन नसके अस्पताल लाने गरेको बताए । यदि दर्गिनबाट नै सुत्केरी हुने भए घरमा नै सुत्केरी गराउने बताए ।

### ५.२.९ ओझा वा धामी

सतार समूदायमा मानिस विरामी भएमा औषधी उपचार वा झारफुक गर्ने आफ्नै प्रचलन रहेको पाइन्छ । उनीहरु विरामी भएमा सर्वप्रथम ओझा र धामीमा जाने गरेको बताए । यसले के स्पष्ट हुन्छ भने उनीहरुमा ओझा धामी प्रति विश्वास रहेको देखिन्छ । सतारहरु विरामी हुँदा जडीवुटिद्वारा उपचार गर्ने बताउँछन् । उनीहरुलाई जडीवुटिको ज्ञान प्रसस्तै भएको बताए । साधारण ज्वरो, निमोनिया, झाडा-पखाला, भूडी दुख्ने आदि आदि विराम भएमा जडीबुटिबाट औषधी गर्ने, जसबाट नभएमा अस्पताल जाने बताए । तर अचेल युवा पिडीहरुमा औषधोपचारमा धामी झाक्रि माथिको विश्वास हराउँदै गएको पाइयो । केहि विरामी हुँदा अस्पताल जाने गरेको कुरा यहाँका सतारहरुले बताए । काव्रियावाडी निवासी सतार समूदायका माझी हडाम भन्छन् - "हामी कोहि विरामी भयौं भने झारफुक गर्छौ यदि यसबाट निको भएन भने डाक्टरकोमा जान्छौं ।" यसले के देखाउँछ भने सतारहरु अझै पनि धामी झाक्रिलाई उपचारको केन्द्र विन्दु मान्दै आएको कुरा प्रष्ट हुन्छ ।

परिवार नियोजन कार्यक्रम, मातृशिशु कल्याण कार्यक्रम, जस्ता जनचेतना मूलक कार्यक्रम जस्ता शिक्षापद प्रचार-प्रसारले अन्ध विश्वास हट्न सहयोग पुगेको कुरा बताउँछन् । गर्भवती अवस्थामा अस्पताल जाने, बच्चा जन्मेपछि टिटनासक सुई, डि.पी.टी, पोलियो, वि.सि.जी. खोप दिने प्रचलन रहेको कुरा सतार महिलाहरुले बताए ।

## ५.३ अरु जातिसंग सतार समूदायको सम्बन्ध

समाजशास्त्री/मानवशास्त्रीहरुका अनुसार विभिन्न जात-जाति विचमा हुने अन्तर सम्बन्धले समाजमा संस्कृतिकरणको शुरुवात हुन्छ (शर्मा, १९७७) । यस्तो प्रक्रियामा सामान्यतया समाजमा सामाजिक-सांस्कृतिक, आर्थिक र राजनैतिक रुपमा शक्तिहीन समूहले आफू भन्दा शक्तिशाली समूहको सामाजिक मुल्यमान्यताहरु अंगीकार गर्न थाल्दछन् (शर्मा, १९७७) । यसै कुरालाई आधार मान्दै, अनारमनीका सतार समूदायको उनीहरु वरिपरि रहेका अन्य जात-जातिहरुसँग के-कस्तो सम्बन्ध छ र त्यसले उनीहरु विवाहमा असर परेको छ वा छैन भन्ने विषयवस्तुलाई संक्षिप्त रुपमा हेर्ने प्रयास गरिएको छ ।

वुढापाकाका अनुसार अन्य जात-जातिका मानिसहरु आउनुभन्दा अघि सम्म तराईका जात-जातिहरु आ-आफ्नै छुट्टै-छुट्टै समूहमा वसोवास गर्दथे । तर विभिन्न जात-जातिका मानिसहरुका आगमन संगसंगै एक समूह र अर्को समूह वीचको दुरी पनि कम हुन थाल्यो । यसले कात्रियावाडीका सतारहरुलाई पनि प्रभाव पारेको देखिन्छ । यसरी अन्य जात-जातिको वस्ति नजिक हुन थालेपछि सतार र अन्य जातिको वीचको सामाजिक-आर्थिक सम्बन्धहरु पनि वढ्न थालेको कुरा अध्ययनका क्रममा उनीहरुले वताए र जुन कुरा देखियो पनि ।

सतारहरुका अनुसार ८/१० वर्ष सम्म, सतार जाति सामाजिक र सांस्कृतिक रुपमा अन्य जातजातिहरुको वीचमा खासै सम्बन्ध नरहेको वताउँछन् । सतार जातिमा हुने सामाजिक तथा सांस्कृतिक क्रियाकलाप जस्तै-विवाह, मृत्यू संस्कार वा अन्य चाडपर्वहरुमा अन्य जातिलाई वोलाउने प्रचलन नरहेको वताउँछ र अन्य जात-जातिले पनि यस जातिलाई नवोलाउने गरेको बताए । तर केही वर्ष देखि सतार जातिले पनि अन्य जातका छरछिमेकी जस्तै मेचे, राजवंशी, धिमाल आदिलाई विवाह र अन्य पर्वहरुमा वोलाउने गरेको बताए भने मानिस मरेको वेलामा पनि ति जातिका मानिसहरु आउने गरेको बताउँछ र आफुहरुलाई पनि वोलाउने गरेको बताएर र जाने पनि बताए । अध्ययनका क्रममा पनि सतार र छिमेकी मेचे जातका यूवाहरु सतारवस्तीमा आई जाँड रक्सी सेवन गरेको पाइयो ।

समाजशास्त्रीय दृष्टिकोणवाट हेर्ने हो भने एउटा समूहको मानिस अर्को समूहको विभिन्न क्रियाकलापमा सहभागिता हुन्छ वा हुँदैन भन्नु भन्दा पनि कस्तो समूहको मानिसहरु सतार जातिको सामाजिक तथा सांस्कृतिक क्रियाकलापमा सहभागीता हुन्छ र

कस्तो हुँदैन भन्ने वुझ्न पनि नितान्त जरुरी रहन्छ । उदाहरणका लागि एक यूवा सतारले बताए - जुन अन्य जातका साथीभाईहरु हामीसंग संगै वसेर जाँड रक्सी खान्छौं तिनीहरुलाई हाम्रो सामाजिक-सांस्कृतिक पर्वहरुमा वोलाउने गरेको छ र हामीहरुलाई पनि उनीहरुले वोलाउछ् र जाने पनि गर्दछौं । अध्ययनका क्रममा सतार जातिलाई अन्य जातिले आफ्नो सामाजिक-सांस्कृतिक क्रियाकलापमा वोलाउनुको पछाडी समाजको सदस्य वा छिमेकी भएको हैसियतले भन्दा पनि खान पानमा आएको एकरुपता हो भन्न सकिन्छ ।

यसगरी छिमेकमा रहेका वाहुन/क्षेत्रीहरुले सतार जातिलाई विवाह र अन्य पर्वहरुमा वोलाउने गरेको बताइयो । सतारहरुको वुझाइमा वोलाउनुको पछाडी दुईवटा उद्देश्य रहेको बताउँछन् - पहिलो उद्देश्य 'खानका लागि' र दोश्रो 'कामका लागि' एक सतार महिलाका अनुसार अरु जातका मानिसले हामीलाई खान होइन जुठो भाँडा कुँडा माझ्न वोलाउने बताइन् । यसले के स्पष्ट पार्दछ भने छिमेकी भन्द पनि आफ्नो कामको परिपूर्तिका लागि वोलाइएको देखाउँछ ।

यस भेगका सतार जाति र पहाडवाट आएका अन्य जातिहरुको बीचमा सामाजिक-साँस्कृतिक रुपमा भन्दा पनि आर्थिक रुपमा वढी अन्तर सम्वन्धीत र अन्तरनिर्भर रहेको पाइयो । सतार जातिको आफ्नो खेती गर्ने जमीन नभएको र शीप यूक्त श्रम पनि नभएको हुँदा कृषी मजदुरको रुपमा काम गर्दै आएको पाइयो । अर्कोतिर जग्गावाल बाहुन-क्षेत्रीहरु व अन्य जातिमा खेतीपाती गर्नका लागि धेरै श्रमिक चाहिने हुँदा त्यसको लागि पनि अन्य जाति जस्तै सतार माथि निर्भर रहेको पाइयो । त्यसैले गर्दा केषिका विभिन्न क्रियाकलाप जस्तै खेत जोत्न, विउ काड्न, आली लगाउन, धान रोप्न, धान काट्न, साथै घरका विभिन्न कामहरु जस्तै करेसावारी वारवेर गर्न, आदि काममा सतार जातिलाई वोलाउने गरेको पाइयो । यो गरे वापत सतार जातिलाई पैसा वा अन्न दिने गरेको बताउँछन् । ८/१० वर्ष पहिला सतारहरुलाई खेति गर्नको लागि वर्षभरी हलो जोत्न राख्ने गर्दथे भने अहिले यो क्रम हटेर गएको देखिन्छ अहिले एक डेढ महिला हलो जोत्न राख्ने र अरु बेला नराख्ने र नगर्ने बताए । यस्तो हुनुमा पूँजिवादिको प्रभाव हो अन्य कामको सुविधाले भन्न सकिन्छ । यसरी काम गर्न राखे वापत सतारलाई पैसा प्राप्त हुन्थ्यो भने अहिले सतारहरु घर बनाउने काम, चिया मजदुरी गर्ने काम आदिमा निर्भर भएको र काम पनि सजिलो भएकोले हली वस्त नरुचाउने बताए । अहिले हलोको साटो ट्याक्टरको प्रयोग गर्न थालेका र यसबाट हलि

राख्नुभन्दा फाइदा हुने भएकाले यो क्रम हटेर गएको भन्न सकिन्छ । यो आधुनिकी करणको प्रभाव सतार र अन्य जातिको सम्बन्धमा पनि देख्न सकिन्छ ।

## ५.४ सतार जातिको थर

सतार जातिको भएको उत्पत्तिको वारेमा यहाँका वुढापाकाहरुको माझमा ज्यादै चाख लाग्दो लोक उक्ति भेटियो । जुन अन्य लेखकहरुले पनि उल्लेख गरेका छन् (दाहाल २०५०, पन्त २००१) ।

उनीहरुका अनुसार दुई प्राणी पिन्चु हडाम र पन्चि बढी लोग्ने स्वास्नीमा परिणत भएपछि तिनका सात भाई छोरा र सात बहिनी छोरी जन्मिए । ती दाजुभाई दिनीबहिनी पनि कालान्तरमा अज्ञानतावश लोग्ने स्वास्नी हुन पुगे जसले आफ्नो बच्चा लगायत सात थरको उत्पत्ति गराए । यी सात थर नै सतार जातिका मूल थर हुन् भन्ने भनाई सतारहरुमा पाइन्छ । यी थरहरुमा काल क्रम अनुसार अन्य पाँच थर थपिए र १२ थर भए जो निम्न छन् ।

१) किस्कु - राजकाजको काम गर्ने
२) मुर्मु - पुरेहितको काम गर्ने
३) सारेन - सिपाहीको काम गर्ने
४) हेमरम - कुवर (राजपरिवारसंग सम्बन्धित काम गर्ने)
५) मर्दी - खेतीको काम गर्ने
६) टुडु - संगीत सम्बन्धित काम गर्ने
७) वास्की - व्यवसाय-व्यापार गर्ने
८) बेसरा - गीत गाउने काम
९) हास्दा - माछा मार्ने काम
१०) चोडे
११) पोडिया
१२) माडी

वावु-वाजेहरुले भन्ने गरेका भनाईहरुलाई उद्दित गर्दै यस ठाउँका बुढापाका सतारहरु भन्छन् पहिला-पहिला राजकाजको काम गर्ने किस्कु नै छानिन्थ्यो । मुर्मु पुरेहितको काम गर्ने, सारेन सिपाहिको काम गर्ने, हेमरम कुवरको काम गर्ने, मर्दी खेतीको काम गर्ने, टुडु संगीतको काम गर्ने वास्की व्यापार व्यवसाय गर्ने, वेसरा गीत गाउने, हास्दाले माछा मार्ने काम गर्दथे भने अहिले आएर यो क्रम हटेर गएको पाइयो ।

जनजातिमा सामाजिक स्तरीकरण हुँदैन भनी विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुको लेखमा पाईन्छ (गुरुङ १९७९) । तर मैले अनुसन्धान गरेको ठाउँमा सामाजिक स्तरीकरण रहेको पाइयो । जसमा चोडे, पोडिया, माडिलाई तल्लो दर्जाको मान्ने गर्दछन् । यी जातिसँग अन्य जातिको विवाह नहुने बताए । यदि कसैले यी तल्ला जातिसंग विवाह गरेमा उसलाई समाजबाट बहिस्कार गर्ने बताए ।

अनारमनी - १ काब्रियाबाडीमा निम्न थर भएका सतारहरु पाइयो, जो निम्न छन्

१) किस्कु
२) मुर्मू
३) सोरेन
४) हास्दा
५) बेसरा
६) हेमरम
७) बास्की
८) टुडू
९) पोडिया
१०) मर्डी
११) चेड

## ५.५ सतार समूदायको परिवार प्रथा

सतार समूदायमा बाबुको थर छोरामा हस्तान्तर हुने, सम्पत्ति वावुवाट छोरामा हस्तान्तरण हुने गरेको अध्ययनको क्रममा देखियो । यसैगरी यिनीहरुको सामाजिक तथा सांस्कृतिक र राजनैतिक संस्थाका मुख्य व्यक्तिहरु पनि पुरुष नै छनोट हुने गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने सतारहरुमा पितृसतात्मक समाजमा रहेको भन्न सकिन्छ । घरमा सम्पूर्ण अधिकार वावुमा हुने कुरा सतारहरुले बताए । पितृसतात्मक परिवार भएकाले वावुको आफन्त तरिका परिवार नै नजिक हुने बताए । सर्वप्रथम वावु-आमा त्यसपछि

क्रमश : दाजु-भाई, दिदी-वहिनी, हजुर वा-आमा, काका, फुपु नजिकका मानिन्छन् भने त्यसपछि आमाका परिवार नजिकका मानिने यहाँका सतारहरुले बताए ।

सतारहरु समाजमा वालवालिका सानै हुँदा बाबु-आमा मरेमा आफ्नै छोरा-छारी समान व्यवहार गरेर पाल्ने परम्परा रहेको कुरा बताउँछन् । कसैको आमा मरेको वास्तवमा अरुलाई समाज राखेर पाल्न दिने र त्यस्तो गर्दा माझी हडामलाई साक्षी राखेर पाल्न दिने गरेको उनीहरुले अनुसन्धानकर्तालाई बताए ।

यस सतार बस्तीमा सतारहरुको संयुक्त परिवार र एकात्मक परिवार गरी दुई परिवारको वसोवास रहेको पाइयो । तालिका २ मा सतार जातिको पारिवारीक संरचना देखाइएको छ ।

**तालिका नं. २ : सतार समूदायको परिवार प्रथा**

| पारिवारीक संरचना | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | २५ | ६९.४४ |
| संयुक्त परिवार | ११ | ३०.५६ |
| जम्मा | ३६ | १०० |

श्रोत : कार्यक्षेत्र अध्ययन

माथिको तालिकामा एकात्मक र संयुक्त गरि विभाजन गरिएको छ। जसमा घरधुरी संख्यामा एकात्मक परिवार २५ र संयुक्त परिवार ११ रहेको छ। जसमा जम्मा ३६ घरधुरी संख्या रहेको छ।

सतारहरुका रगतको नातालाई बढी नजिकको मान्ने गरेको बताए । यिनीहरुको कुटुम्बसँग पनि सुमधुर सम्बन्ध रहेको पाइयो । उनीहरु आफ्ना नातेदार कुटुम्बको जादा केहि कोशेली जस्तै-रक्सी, मुराई, जुलेवी, विस्कुट आदि लिएर जाने गरेको र आगन्तुक पाहुनालाई पनि ढोगवेट गर्ने, जाँड रक्सी खाना खुवाई, राम्ररी बसाई सत्कार र सम्मान गर्ने चलन रहेको बताए । सतारहरु ठूलावडालाई आदर सम्मान गर्दा आफ्नै परम्परा रहेको बताउँछन् । आदर भाव प्रकट गर्दा दुईहात अगाडी राखेर अलिकति निहुरिन्छन् । सलाम गरे

जस्तो गरेर दाहिने हात निधारमा राख्छन् भने वुहारीले दुई हात खुट्टामा छोएर भुइमा निहुरीन्छन् । सतारहरुमा बुहारीहरुले घरमा ठूला वडाहरुको अगाडी लापरवाहीका साथ बस्ने, कपाल कोर्ने, बढी गफ नगर्ने बताए । यसले के स्पष्ट गर्दछ भने सतार समाजमा घरमूलिको भूमिका र स्थान महिला र अन्यको भन्दा उच्च रहेको छ ।

## ५.६ सतार समूदायको आर्थिक अवस्था

### ५.६.१ कात्रियावाडीका सतार जातिको आर्थिक अवस्था

सतार बुढा पाकाका अनुसार करिव २/४ पुस्ता अगाडी यो क्षेत्रमा बस्ती वढी थियो । सतारहरु त्यस बेला आफूलाई वर्षभरी पुग्नै खेतिपाती गर्थे । खान लाउन कुनै दुःख थिएन । अरु सबै ठाउँमा जंगलै जंगल थियो । खेतीपातिबाहेक अरु समयमा शिकार गर्दथे । नेपाल सरकारको औलो उन्मुलन कार्यक्रमले मलेरिया रोगको नियत्रण पश्चात पहाडी मूलका बासिन्दाहरु विस्तारै क्रमस तराई तिर बसाई सर्न थाले (पौडेल, २०११) । पूर्वी तराइका विभिन्न क्षेत्र झापा, मोरङमा विभिन्न जात-जातिको वसोवास बढ्न थाल्यो । तिनीहरुले सतार जातिको खेत आफ्नो कब्जामा पार्न थाले भनी सतारहरु बताउँछन् ।

बस्ती दिन प्रति दिन बढ्दै जान थाल्यो । हाम्रो आफूले कमाएको जग्गमा खोसिन थाल्यो । किनकी हामीहरु सोझा, अशिक्षित, नेपाली भाषा बोल्न नजान्ने सोझा प्रकृतिका थियो । नागरिकताको अभावले, अशिक्षित भएकाले आफ्नो जग्गा आफ्नो नाममा पनि राख्न सकिएन । अत : टाठा-बाठा पहाडी मूलका ब्राम्हण क्षेत्रीहरुले हाम्रो कृषियूक्त जमीनलाई केहि पैसाको लोभमा पारी आफ्नो अधिनमा पारे । यहाँको जंगल फडानी गरी कृषि मुलक खेत बनाएर सुख पूर्वक जीवन विताई बसेका हामीलाई पहाडी जिल्लाबाट बसाई सरी आएका यी टाठा-बाठा जातिले हाम्रो जमीन आफ्नो हातमा पारे । उनीहरुले आफ्नो अधिनमा पारिसके पछि हामीलाई नै फेरी त्यस जग्गामा श्रमीक बनाई काम गर्न दिई मोहिको रुपमा राख्न सफल भए । हामीले नागरिकताको अभावले आफ्नो जग्गा आफ्नो नाममा राख्ने नसकेको बताउँछन् ।

मोहिको रुपमा जान जोत गर्दा पनि हामीलाई वर्षभरी खान लाउन चाहि पुग्दथ्यो । तर २०२१ सालमा भूमीसुधार ऐन मोहीयानी हक सम्बन्धि नियम बन्यो । मोहियानी हकबाट हामीलाई जग्गा दिनु पर्छ भनेर पहाडी मुलका वासिन्दाले केही पैसा दिई जग्गा खन जोत

गर्न बाट पनि वञ्चित गराए । यसरी आफ्ना पुर्खाले गुमाएको जग्गामा आज आफै हली, अधियार, श्रमीक, भएर काम गर्नु परेको गुनासो सुनाए । यो प्रक्रिया झापाका अन्य जातिहरुमा पनि पाउन सकिन्छ (पौडेल - सन् २०११, भट्टराई - सन् १९९६) ।

### ५.६.२ काब्रियावाडीका सतार जातिको पेशा

यस ठाउँका सतारहरु आर्थिक उपार्जनको लागि कृषि, मजदुर, ज्यालादारी, पेशामा लागेको बताउँछन् । यहाँका प्राय सतारहरुको मुख्य पेशा ज्यालादारी मजदुरी काम गर्नु हो । सतार केटा-केटीहरु अरुको घरमा गाई वस्तु हेर्ने, भाडा-कुडा सफा गर्ने, घरायसी काम गर्ने गर्दछन् । सतार महिलाहरु मजदुरी-ज्यालादारी गर्नुको साथै गाई, वाखा, हाँस कुखुरा, सुंगुर पाल्ने र उकिएको बजारमा लगी बेच्ने र गर्जो टार्ने बताए । केही सतार फुर्सदको समयमा माछा मार्ने, डोरी वाध्ने बताए । यिनीहरु मछा मार्ने जाल आफैले बनाउने बताए ।

सतार यूवाहरु घर बनाउने मिस्त्रि, ट्यूवेल बनाउने, काठको काम गर्ने, दाउरा बेच्ने, कुचो, ढाकी, डोरी आफै बनाएर बजार लगी बेच्ने बताए । तालिकामा सतारको पेशागत विवरणलाई देखाइएको छ ।

**तलिका नं. ३ : सतारहरुको पेशा विवरण**

| पेशा | सतार संख्या | प्रतिशत |
|---|---|---|
| खेती | १ | ०.६८ |
| मजदुर | ६८ | ४६.२६ |
| दैनिक ज्यालादारी | ६४ | ४३.५४ |
| ठेकेदार | ३ | २.०४ |
| अन्य | ११ | ७.४८ |
| जम्मा | १४७ | १०० |

श्रोत : स्थलगत अध्ययन २०६७

तालिकाबाट के देखिन्छ भने अधिकांस सतारहरु मजदुरी र दैनिक ज्यालादारीमा रहेको देखिन्छ । वुढापाकाको भनाई र उनीहरुको अहिलेको पेशा हेर्दा तालमेल मिलेको

देखिन्छ । यस तालिका १ जना मात्र खेती गरेको देखिन्छ जुन पनि आफ्नो नभई र अरुको जग्गा कमाएको बताए ।

### ५.६.३ पशुपालन

अध्ययनका क्रममा काव्रियावाडीका सतारहरुले केही संख्या पंक्षी पशुपालन गरेको पाइयो । पशुपालनमा गाई, वाखा, गोरु, कुखुरा, हाँस, संगुर आदि पाल्ने पाइयो । जसको प्रयोग दैनिक जीवनमा प्रयोग गर्ने र उकिएका बजारमा लगि वेच्ने र आफ्नो आवश्यक सामान किन्ने बताए । तालिका ३ मा सतारहरुको पशुपालन विवरणलाई देखाइएको छ ।

**तालिका नं. ४ : काव्रियावाडीका सतारहरुको पशुपालन**

| पशु/पंक्षि | जम्मा | प्रतिशत |
|---|---|---|
| गाई | ८ | २.४४ |
| वाखा | २० | ६.१० |
| गोरु | २ | ०.६१ |
| कुखुरा | १७५ | ५३.३५ |
| हाँस | ९५ | २८.३६ |
| संगुर | २८ | ८.५४ |
| जम्मा | ३२८ | १०० |

श्रोत : स्थलगत अध्ययन २०६७

तालिकामा यस ठाउँका सतारहरुले पालन गरेका पशुपंक्षिको विवरण प्रस्तुत गरिएको छ । पशुपालनमा गाई ८, वाखा २०, गोरु २, कुखुरा १७५, हाँस ९५, संगुर २८ गरी जम्मा ३२८ रहेको छ । यी मध्ये हाँस र कुखुरा बढी पाल्ने गरेको देखिन्छ । जसको कारणमा यी पंक्षि साना र सानो ठाउँमा राख्न सकिने, सानो ठाउँमा पाल्न सकिने, यिनीहरुलाई पाल्नको लागि धेरै मानविय श्रम नपर्ने भएकाले बढी पालेको बताए । यी पशुपक्षिमा आफ्नो आवश्यकता अनुसार पाहुना आउँदा, विभिन्न चाड पर्वमा प्रयोग गर्ने र वचेको बजार लागि बेच्ने र आफ्नो आवश्यकता पुरा गर्ने बताए ।

### ५.६.४ सतार जातिमा कामको वर्गीकरण

सतार जातिमा उमेर र लिङ्ग अनुसार कामको बाँडफाड गरेको पाइन्छ । जसले उनीहरुको पारिवारिक संरचना निरन्तर रुपमा अगाडी वढेको देखिन्छ ।

#### ५.६.४.१ श्रम विभाजन

यस क्षेत्रका सतार जातिमा ८ वर्ष देखि ११ वर्ष सम्मका केटकेटीले फुर्सदको समयमा गाइवस्तु हेर्ने, खाना पकाउे, पानी ल्याउने भाडा माझ्ने, भाई बैनी हेर्ने, माछा मार्ने काम र ११ वर्ष देखि १४ वर्ष सम्मकाले भात पकाउने, धान रोप्ने, दाउरा खोज्ने, घास काट्ने, अरुकोमा काम गर्न जाने बताए । महिलाले खाना पकाउने, वारीमा तरकारी लगाउने, गाई वस्तुको हेरचाह गर्ने, धान रोप्ने, कुचो ढाकी बनाउने, रक्सी बनाउने, माछा मार्ने, ज्यालादारी, मजदुरी गर्ने, दाउरा खोज्ने काम गर्ने बताए । पुरुषले हलो जोत्ने, डोरी बाट्ने, धान गोड्ने, धान काट्ने, थान थन्काउने, जंगलबाट दाउरा ल्याउने, ज्यालादारी, मजनुरी, काम गर्ने, मिस्त्रिको काम गर्ने साथै घरका सदस्यहरुलाई काम सघाउने र काम अराउने काम गर्ने सतारहरुले बताए ।

### ५.६.५ किनमेल

सतारहरु आफूले कमाएको पैसाले आफूलाई आवश्यक लुगा-फाटा, चामल, नुन, तेल तथा अन्य आवश्यक वस्तुहरु किन्ने बताए । किनमेलमा श्रीमान-श्रीमति दुवै जाने बताए । महिलाहरु आफूलाई मन परेका चुरा, टीका, माला, टप, झुम्का, क्लिप, सुगन्धीत तेल किन्ने वताए । प्राय सबै सतारहरु बजार गएको बेला आफ्ना घरका स-साना वच्चालाई लड्डु, विस्कुट, चकटेल, पाउरोटी, जुलेवी, मराई किनेर ल्याईदिने बताए ।

## ५.७ सतार समूदायको धार्मीक अवस्था

यहाँका सतार जातिको आफ्नै धर्म, नियम, चाडपर्व रहेको बताए । सतारहरुको विभिन्न चाडपर्व मनाउने गरेको देखिन्छ । सतारहरु चाडपर्व, धार्मीक कार्य धुमधामसंग मनाउने बताउँछन् । चापर्वको वेला सवै दुःख, कष्ट विर्सेर सबै मिलि मनोरञ्जन, रमाइलो गरी मनाउने बताए । यिनीहरु चाड पर्वमा प्रसस्त पैसा खार्च गर्ने, मासु-भात, जाड-रक्सी

प्रसस्त मात्रामा खाने बताए । सतार समूदायमा वलि दिने चलन पनि रहेको बताए । इश्वरलाई प्रसादको रुपमा चामलको पिठोको रोटी तेलमा पकाएर चढाउने प्रचलन रहेको बताए ।

सतारहरुको मनोरञ्जनको प्रमुख साधन नै चाडपर्व भएकाले धार्मीक विधि सम्पन्न गर्नु मनोरञ्जन गर्नु, यी विधि गर्दा मनोरञ्जन बढी गर्ने बताए । मनोरञ्जनमा वाजा-गाजा बनाउने, नाच्ने-गाउने, खाने गरी मनोरञ्जन गर्ने बताए ।

## ५.८ धर्म

अध्ययन क्षेत्रका सतारहरु आफ्नो पारम्परिक धर्म ‘सराई’ मान्ने बताए । काब्रियावाडीमा वसोवास गर्ने सतारहरु प्रकृतिको पूजा गर्ने जस्तै रुख, पहाड, नदी, पशु आदिको पूजा गर्ने बताए । यो पूजा प्रकृति प्रकोप नआओस् र पशु-पक्षि दैनिक जीवनमा प्रयोग गर्ने हुनाले यीनिहरुको पूजा गर्ने वताए । यसै गरी यस क्षेत्रका सतारहरु विभिन्न देवी देवताहरु जस्तै शिव, पार्वति, काली, लक्ष्मी, दुर्गा सूर्य, चन्द्रमाको पूजा गर्ने बताए । पूजा गर्दा सामूहिक रुपमा र आफ्नो घरमा व्यक्तिगत रुपमा गर्ने बताए । पूजा गर्दा धुप बाल्ने, फूल अक्षता चढाउने, कुखुरा, परेवा, हाँस, बोकाको वली दिई पूजा गर्ने बताए । सायद हिन्दु धर्मको प्रभाव स्वरुप यिनीहरुले हिन्दु देवी देवताहरुको पुजा गरेको हुन सक्छ ।

## ५.९ सतार जातिका देवि-देवताहरु

### ५.९.१ ठाकुरजी देवता

सतारहरु ठाकुरजी देवतालाई सम्पूर्ण सृष्टिकर्ता मान्दछन् । पृथ्वीमा भएका सम्पूर्ण वस्तुको सृष्टिकर्ता ठाकुरजी देवतालाई मान्ने बताए । सतारहरु आफ्नो चाडपर्व मनाउँदा ठाकुरजी देवतालाई सम्भनता गरी फूल अक्षताले पूजा गर्ने बलि दिई मनाउने बताए । जुनसुकै कामको शुरुवात गर्दा पनि ठाकुर जी देवताको पूजा गर्ने र उनी नै सबभन्दा ठूलो देवता हुन भनी बताए ।

### ५.९.२ मराङ देवता

ठाकुरजी पछिका अर्को ठूला सतार जातिमा मराङ्ग देवतालाई पुजा गरेको पाइयो । यी देवतालाई सतारहरु ठूलो पहाड वा सूर्य जस्तो तेजस्वी भएको ठान्दछन् । दुःख, कष्ट आइपरेका वेलामा मराङ देवताको पूजा गर्ने बताए । मराङ देवताको पूजा गर्दा बोका, सुंगुर, परेवा, कुखुरा, हाँसको बलि दिई पूजा गर्ने प्रचलन रहेको बताए । गाउँमा दैवि प्रकोप परेको समयमा मराङ देवता प्रसन्न नभएर यस्तो भएको भन्ने विश्वास रहेको बारेमा सो संकट हट्छ भन्ने विश्वास सतार जातिमा छ ।

### ५.९.३ जोहर एरा देवता

सतारहरु जोहर एरा देवतालाई समाचार पुऱ्याउने देवीको रुपमा मान्ने बताए । जोहर एरा देवताले भगवान ठाकुरजी देवतालाई सतार समूदायमा घटेका घटनाहरुको समाचार पुऱ्याउने विश्वास गर्दछन् । आफ्ना मनका प्रार्थना र समाजमा घटेका घटनाहरु ठाकुरजी देवता समक्ष पुऱ्याउनका लागि जोहर एरा देवताको पूजा गर्ने बताए । यो पूजा नयाँ अन्न पाके पछि र नयाँ कार्य गर्दा गर्ने बताए ।

### ५.९.४ गोसाई एरा देवता

सतारहरु गोसाई एरा देवतालाई भगवतीको रुपमा मान्ने वताए । यी भगवतीलाई पार्वतीको प्रतिकको रुपमा मान्ने गरेको बताए । सतारहरु स्त्रीहरुको कल्याणको बारेमा ठाकुरजी देवतालाई सल्लाह दिन्छिन् भन्ने विश्वास रहेको वताए ।

### ५.९.५ मोडेको तुइरो (पंच देवता)

सतारहरु मोडेको तुइरोलाई पंच देवताको रुपमा मान्ने बताए । मोडेको तुइरो भगवानले संसारमा भइराखेका अन्याय, अत्याचारबाट ठाकुरजीलाई सूचित गर्छन् भन्ने विश्वास रहेको बताए । यी भगवानको पूजा गर्दा धुप अक्षताले पूजा गर्ने बताए । यो पूजा समाजका सम्पूर्ण सतार भेला भएर पूजा गर्ने बताए ।

### ५.९.६ अतोवांगो (ग्राम देवता)

अतोवांगो भगवानलाई सतारहरु ग्राम देवताको रुपमा मान्ने वताए । गाउँलेहरु सबै मिली गाउँको कुनै एक ठाउँमा ग्राम देवताको स्थापना गर्ने जसलाई उनीहरु माझी थापन

भन्छन् । यी भगवानको पूजा नयाँ वाली भित्राउनु अगाडी माझीथानमा पूजा गर्ने र नयाँवाली चढाई पूजा गर्ने बताए । यो पूजा सबै गाउँले मिली सामूहिक रुपमा गर्ने बताए ।

## ५.१० सतार समूदायका चाडपर्वहरु

सतारहरुले विभिन्न किसिमका चाडपर्वहरु मनाउने बताए । सतारहरुको यी सबै चाडपर्वहरुको आफ्नै मान्यता रहेको बताउँछन् । यी चाडपर्वको अलौकिक कार्यसंग सम्बन्ध रहेको बताए । यिनीहरुको आफूले मनाउने चाडपर्वहरुमा सहराए, बाहा, एरोक, शिरुवा-विशुवा, जान्थाड, साकरत, दशैं-तिहार रहेको अध्ययनको क्रममा पाइयो ।

सतारहरु चाडपर्वमा मास-भात, जाँड-रक्सी खाने, नाच गान गर्ने रमाइलो गर्ने बताए । यी चाडपर्व मनाउँदा सबै गाउँले मिलेर मनाउने र मनोरञ्जन गर्ने बताए । यी यस्ता कार्यले के देखाउँछ भने सतारहरु एक आपसमा सहयोगी र भातृत्वको भावनाले रहेको भन्न सकिन्छ ।

### ५.१०.१ सहराए पर्व

सहराए पर्व माघ महिनामा मनाउने सतारहरुले बताए । यो पर्व मनाउँदा गाउँका प्रत्येक घरबाट कुखुरा, चामल, पैसा उठाउने र गाउँमा यो विधि गर्न जान्ने मानिसलाई पूजारीको रुपमा मान्ने बताए । यो पर्व मनाउँदा गाउँदेखि अलिक परको सफा ठाउँमा खुर्केर गोवरले लिप्ने र यो ठाउँमा पूजारीले गाउँमा कुनै रुढी, रोग, व्याध, दुःख, कष्ट, अनिकाल नआओस् भन्दै सबैतिर फर्केर आफ्ना देवता, पितृलाई आवहान गरी पूजा गर्ने बताए । त्यहाँ कुखुरा काटी भोग दिइन्छ । भोग दिएका कुखुरा त्यहि काटी पकाएर आफू लगायत आफन्त बोलाएर प्रसादको रुपमा खाने प्रचलन रहेको बताए । यो पर्वमा थानेका बीचमा एउटा कुखुराको अण्डा राखी त्यस ठाउँमा गाउँ भरीका गाई, गोरु हिडाउने र जुन गाई-गोरुले त्यसलाई सुध्छ वा फुटाउँछ त्यस पशुलाई पक्ति रङ दल्ने र रमाइलो गर्ने बताए । पशु धनीले आउने वर्षको यसै पर्वमा एक घ्याम्पो जाँड दिनु पर्छ । यसले के संकेत गर्दछ भने सम्पूर्ण सुतारहरुलाई एककृित गर्ने र रमाइलो गर्ने एक अवसरको रुपमा रहेको बताउँछन् ।

### ५.१०.२ बाहा पर्व

यो बाहा पर्व फागुनमा संखुवा (साल) को फूल फूलेको वेलामा मनाउने बताए । यो पर्व मनाए पछि फलफूल खानु पर्छ भन्ने विश्वास यिनीहरुमा रहेको बताए । बाहा पूजा गर्दा बलि दिने र मासु रक्सी खाने र रमाइलो गर्ने बताए । यस पर्वमा सतार समूदायको प्रत्येक घरवाट पैसा उठाएर सामूहिक रुपमा मनाउने बताए । यो पर्व मनाउँदा होलि पर्व झैं एक आपसमा पानी छ्यापा छ्याप गरेर मनाउने र रमाइलो गर्ने बताए । यो पर्व दुई दिन सम्म मनाउने सतारहरुले बताए । यसले उनीहरुको बीचमा एकता कायम गर्न मद्दत गर्दछ ।

### ५.१०.३ एरोक पर्व

एरोक पर्व सतारहरुले असार महिनामा मनाउने गरेको बताए । यसले बाली नाली लगाउने संकेत दिन्छ । यो पर्व वाली-नाली राम्रो लगाउने भएकाले यस पर्वको उद्देश्य बाली-नाली होस्, दैवि प्रकोप नहोस भन्दै देवताको पूजा गर्ने प्रचलन रहेको बताए । यो पर्वमा बलि दिने, मासु रक्सी खाने, नाच-गान गर्ने, रमाइलो गरी यो पर्व सामूहिक रुपमा मनाउने बताए ।

### ५.१०.४ शिरुवा-विशुवा पर्व

शिरुवा-विशुवा पवर्न सहराए पर्व मनाएपछि मनाउने सतारहरुले बताए । यो पर्व मनाउँदा वर्षमा एक पटक सतार गाउँलेहरु सामूहिक रुपमा जंगलमा शिकार खेल्न जाने र जे शिकार गर्छन्, त्यसको पुच्छर मराङ देवतालाई चढाउने र रहेको अरु मासु सबै मिली खाने, रमाइलो गर्ने बताए । यो पर्व परम्परा देखि मनाउँदै आएको र गाउँमा दुःख कष्ट नआओस् भनेर मनाउने बताए । शिकार खेल्ने धनुषवाण आफै बनाउने गरेको बताए । हाल नेपाल सरकारले जंगली जनावर मार्न बन्देज लगाएकाले यो पर्व मनाउन अफ्टेरो परेको सतारहरुले बताए तर पनि आफ्नो परम्परागत चाड पर्व मनाउन अन्य पंक्षी भए पनि शिकार गरी वाडीचुडी खाने र रमाइलो गर्ने बताए । समयको क्रमसंगै यो चलन पनि हराउँदै गएको देखिन्छ ।

### ५.१०.५ जन्थाड पर्व

जन्थाड पर्व नयाँ अन्न पाकेपछि मनाउने बताए । नयाँ अन्न पाकेपछि अन्न देवी देवतालाई चढाउने बताए । यो अन्न चढाउनुको कारणमा देवी देवताले गर्दा नै अन्नबाली समेत भएको विश्वास सतारहरुमा रहेको बताए । अन्न चढाउनुका साथै बोका, कुखुरा,

हाँसको बलि दिने र त्यो प्रसादको रुपमा खाने र रमाइलो गर्ने परम्परा रहेको सतारहरले बताए ।

### ५.१०.६ साकरात पर्व

यो पर्व पुष महिनाको अन्त्य तिर मनाउने बताए । यो पर्वमा समाजको गठन र नियम बनाउन मनाउने बताए । यो पर्वबाट नयाँ संगठनको निर्माण गर्ने बताए । यो पर्वमा गाउँका सबै मिली पैसा मिलाएर मासु-रक्सी खाने, रमाइलो गर्ने, नयाँ गाउँको निर्णायकको गठन गर्ने, सामाजिक नियम - पालन वनाउने, छलफल गर्ने बताए । यसबाट समाजको निर्णायक माझी हडाम, जगमाझी, नाइके, गुणीत, राइवर वुढा छान्ने र उसको कार्य अवधि एक वर्ष वा राम्रो काम गरेमा फेरी उनै त्यस गाउँको निर्णायक छानिने बताए ।

### ५.१०.७ दशैं र तिहार पर्व

सतारहरुले दशैं मनाउने बताए । यो पर्वमा दुर्गा भगवतिको पूजा गर्ने मासु-भान, जाड-रक्सी खाने, रमाइलो गर्ने बताए । यो पर्व वाह्य प्रभावले गर्दा मनाएको तर दशैं टीका भने नलगाउने बताए । यो दशैं पर्वमा सतारहरु आफ्नो नाचगान देखाउने बनाए । तर यो क्रम विस्तारै घट्दै गएको बताए । यो अहिलेको नयाँ पुस्ताले नयाँ आधुनिक बाजा-गाजा तिर क्रमश बजाउन थालेपछि परम्परागत नाँच र वाजाहरु क्रमश लोप हुन थालेको कुरा स्थानीय बुढापाकाहरु बताउँछन् ।

### ५.१०.८ धर्म, चाडपर्व र विवाहको सम्बन्ध

सतारहरुको धर्म चाडपर्व र विवाहको विचमा सम्बन्ध रहेको पाइन्छ । सताहरु विभिन्न देविदेवता जस्तै - मराङ देवता, जोहर एरा देवता, गोसाई एरा देवता, पंच देवता, अतो वांगो देवताको पूजा गर्ने गर्दछन् र यो पूजा उनीहरु विवाहको दिन लगायत अन्य विभिन्न चाड पर्वहरुमा गर्ने बताए । विवाहको दिन यी देवताको पूजा गरी यी देवतासँग आशिंवाद माग्ने, वैवाहिक जीवन सफल रहोस् भनी कामना गर्ने बताए । सतारहरु विभिन्न चाड पर्वको अवसर पारी विवाह गर्ने पनि बताए । यी पर्वहरु सामूहिक रुपमा मान्ने गरेको बताए । यी चाड पर्वमा सामूहिक रुपमा भोज भतेर गरी रमाइलो गर्ने बताए ।

## अध्याय - छ


## सतार जातिको विवाह

### ६. विवाह

यस अध्ययनमा सतार जातिको विवाह पद्धति, प्रकार, विवाह गर्ने प्रक्रिया, विवाहमा आएको परिवर्तनका वारेमा व्याख्या र विश्लेष गरिएको छ ।

**विवाह सम्बन्धि सामाजिक मूल्य मान्यता**

**६.१ सतार समूदायमा ५ पुस्ता सम्म विवाह हुँदैन जसलाई निम्न चार्टमा देखाइएको छ ।**




### ६.२ सतार समूदायको विवाह पद्धति

सतार भाषामा विवाहलाई 'बाप्ला' भनिन्छ । सतार समूदायमा विवाहका आफ्नै प्रचलन, मान्यता र संस्कारहरु रहेको छ । महिला र पुरुष वीच वैवाहिक सम्वन्ध राख्ने सम्बन्धमा सतार समूदायमा को सँग कसको वैवाहिक सम्वन्ध गर्ने र कोसँग कसको हुँदैन

भन्ने सम्बन्धमा सतार समूदायको आफ्नै प्रचलन र मान्यताहरु भएको कुरा बताए । सतार जातिमा एकै थर विचमा वैवाहिक सम्बन्ध हुँदैन जस्तै हास्दा थरको केटा र हास्दा थरकी केटीसँग विवाह हुँदैन । त्यसैगरी सतार समाजमा पनि जातिगत सामाजिक स्तरीकरण रहेको पाइन्छ । केही थरहरुलाई तल्लो तहमा राखेको पाइन्छ जस्तै मुर्मु, सोरेन थरलाई उनीहरु माथिल्लो जात र चोडे, पोडिया जातलाई तल्लो जात मान्दछन् । यदि यस्तो विवाह गरेमा समाजवाट वहिस्कृत गर्ने गर्दछन्. । यस्तो परिवार आफ्नो समूदायवाट अलग राखिन्छ भने अन्य समूदायले पनि तिनीहरुले स्वीकार गर्दैन । यस्तो परिवार न त सतार समूदायको सदस्य रहन सक्छ न त अन्य जातको । जसलाई भिक्टर टर्नरको शब्दमा भन्नु हो भने लिमिनालिटी (न घरको न घाटको) हुन्छ । तर समूदायमा उनीहरुलाई आफ्नो थरमा भित्राउने आफ्नो प्रचलन रहेको छ । यदि समाजमा एउटै थर जस्तो हास्दा थरले हास्दा थरथा विवाह गरेमा उनीहरुलाई उनीहरुको राजनैतिक व्यवस्था 'गुमस्ता' र गाउले भेला भएर उनीहरुलाई दण्डीत गर्नै व्यवस्था छ । यस्तो विवाहलाई उनीहरुको समाजमा हाडनताको विवाह मान्दछन् । उनीहरुलाई समाज भित्र पुनः भित्राउन गाउँमा भोज गरी र जरिवानामा केहि रकम तिरी पुन समाजमा ल्याउने प्रचलन छ । यदि ठूलो थर मुर्मु, सोरेनले सानो थर चोडे, पोडियासँग विवाह गरेमा उनीहरुको राजनैतिक सामाजिक व्यवस्थाले दण्डित गर्ने गर्दछन् । यस्तो विवाहीतलाई पुनः समाजमा भित्रिन उसले गाउलेलाई भोज खुवाउनु पर्छ र उ फेरी समाजमा घुलमिल हुन्छ ।

सतार समूदायको विवाह केटा पक्ष र केटी पक्षबीच के कसरी विवाहकालागि सम्बन्ध बढाउने र कुरा चलाउने भन्ने सम्बन्धमा यिनीहरुको निश्चित सामाजिक मान्यता रहेको कुरा बताए । यिनीहरुको विवाह गर्न केटा र केटीको उमेर १८/२० वर्ष हुनु पर्ने कुरा यिनीहरु बताउँछन् । पहिला-पहिला सानो उमेरमा विवाह गर्ने गरिन्थ्यो तर अहिले सानो उमेरमा विवाह गरेमा कानुनी सजाय हुन्छ, त्यसैले कानुनी रुपमा केटा केटी सक्षम भए पछि मात्र विवाह गरिन्छ भनी एक महिला सतारले बताइन् ।

## ६.३ सतार समूदायमा विवाहका लागि केटी खोज्ने प्रचलन

सतार समूदायमा विवाह परम्परा देखि चल्दै आएको जसले यस समूदायमा मान्यता पाउने कुरा सतारहरु बताउँछन् । सतार समूदायमा केटीको उमेर १७/१८ वर्ष र केटाको उमेर २०/२१ वर्षमा र कहिले काही केटा भन्दा केटीको बढी उमेर भएमा पनि विवाह गर्ने

चलन रहेको कुरा बताए । सतार समूदायमा आफ्नो छोराको उमेर २०/२१ भएपछि विवाहको लागि उपयूक्त भएको ठान्छन् र वावुले गाउँका केहि मानिसलाई बोलाएर विवाह सम्वन्धि सर-सल्लाह गरी इच्छा परेको केटीको घरमा आफ्नो मानिसलाई विवाहको प्रस्ताव पठाउँछ । यसरी प्रस्ताव लिएर जाने मुख्य व्यक्तिलाई यिनीहरु "राइबर बुढा" (इडामबा) वा घटेकदार' भन्छन् । प्रस्ताव लिएर जाने कार्यलाई सतार भाषामा 'नेपेल' भन्दछन् । यसरी राइबर वुढाले केटीकोमा विवाहको प्रस्ताव राखे पछि केटी पक्षका राजी भए पछि अर्को दिन वा केही दिन पछि केटीको घरमा विवाह गर्ने केटा, केटाको वावु, काका, फुपु, दिदी, अन्य आफन्त व्यक्तिहरु कुरा छिन्न जाने बताए । कुरा छिन्न जाँदा कपडा, जाड-रक्सी, लिएर जाने र यी वस्तु केही पक्षकाले स्वीकार गरी लिए विवाहको कुरा पक्का भएको ठान्छन् भने नलिए अस्वीकार भएको ठान्दछन् । यहाँ उनीहरुको एक आपसमा चिनाजानी, ढोगबेट गर्ने विधि यिनीहरुको आफ्नै प्रकारको हुने बताए । केटीले विस्तारै शरीर अगाडी झुकाएर दुई हातले भूइमा छुन्छिन् र हात उठाएर दुई हात जोडछिन । क्रमसंग ढोग्दा जसलाई ढोगिन्छ उसले पनि पहिलो आफ्नो अंजुली फुकाउने र नमस्का गरी ढोग फर्काउने विधि यिनीहरुमा रहेको कुरा बताए ।

ढोगबेट सकिएपछि एक आपसमा विवाहको कुरा चलाइन्छ । दुवै पक्षका राजी भए पछि केटा-केटीलाई पनि मन परे नपरेको सोधिन्छ । त्यस पछि दुवै केटा केटीमा राजी भएमा विहेको तयारीमा दुवै पक्ष लाग्ने बताए । त्यहाँ जाड-रक्सी, खाना खाने, कुराकानी गर्ने, हाँसो मज्जा गर्ने र आफ्नो घर फर्कने बताए ।

## ६.४ नेपेल

विवाह गर्नु भन्दा अगाडी र केटा र केटी हेरा-हेर गरिसके पछि गरिने कार्यलाई नेपेल भनिन्छ । यस विवाहको मिति तोक्ने, के कसरी विवाह गर्ने, के के दाइजो दिने, ढोगभेटबाट अझ सम्बन्ध गाढा बनाउने कार्य गर्ने गरिन्छ । विवाह सम्बन्धी कुरो मिलाउन केटी पक्षकोथरमा जाँदा केटा पक्षबाट गाम्चा, चोलो, साडी, मुराई, लगायत अन्य सर-सामान लिएर जाने बताए । यस कार्यमा केटा तर्फका वावु, काका, मामा, दिदी-बहिनी, भाई लगायत अन्य गाउँका केही मानिसहरु जाने गर्दछन् । केटीकोमा पुगेपछि सर्वप्रथम केटापक्ष र केटीपक्षका वीचमा ढोग-भेट गरिन्छ । ढोगभेट पछि त्यहाँ केटालाई केटी पक्षका आमा, दिदी, बहिनीले तेल लगाउने गरिन्छ भने केटीलाई केटा पक्षका फुपु दिदी-बहिनीले तेल

लगाउने बताए । यस पछि उपस्थित सवै जनाले जाड, रक्सी, मासु-भात खानपीन गर्ने, रमाइलो गर्ने बताए । सतार जातिमा विवाहको दिन निश्चित भएपछि दुवै पक्ष त्यही बसी पहेलो धागाको दुइवटा डोरी बाध्ने बताए । यस दिन देखि जति दिन पछि विवाह हुने हो त्यति नै गाठो डोरी पारिन्छ र केटा र केटी पक्षलाई एक-एक वटा डोरी दिइन्छ । सायद लेखनकलाको विकास नभएको हुँदा विवाह गर्ने दिन फरक नहोस् भनी यो प्रचलन शुरुवात गरेको हुन सक्छ । यी डोरीका गाठाले विवाह अब कति दिन पछि हुने हो भन्ने संकेत गर्छ भने पहेंलो रङ विवाह लगायत अन्य कार्यमा शुभ मान्ने बताए । प्रत्येक दिन तलबाट एउटा-एउटा गाठो खोल्ने गरिन्छ र त्यहाँ हरेक गाठा गन्दै विवाह आउने दिन यति छ भनेर सम्झने बताए । यस पछि विवाहको निम्तो बाड्न थाल्ने बताए । विवाहको निम्तो दिँदा दुवै पक्षबाट आ-आफ्ना मानिसलाई दुवो अक्षता, विवाह हुन जाति दिन वाकी रहेको हुन्छ त्यत्ति नै गाठो पारेको डोरी पठाई निम्तो पठाउने गर्दछन् ।

## ६.५ सतार समूदायमा विवाह प्रथा र तिनमा आएको परिवर्तन

सतार जातिमा विवाहका वारेमा विद्वानहरुबिच एक मत पाइदैन । मेची देखि महाकाली (१९९४) मा १० प्रकारका विवाहको उल्लेख गरिएको छ भने मदन कट्टेलले ११ प्रकारका विवाहको उल्लेख गरेका छन् । प्रेमलत्ता घिमिरे (१९९३) ले ९ प्रकारका विवाह सतार समूदायमा प्रचलित भएको कुरा बताएकी छन् । तर अध्ययन गरिएको गाउँमा स्थानिय सतारहरुले बताए अनुसार सतार समूदायमा निम्न प्रकारका विवाह भएको प्रचलन पाइयो ।

१) किरिन बाहु बाप्ला (मागी विवाह)
२) टुकी दिपाल बाप्ला (कम खर्चिलो विवाह)
३) घर दी ज्वाई बाप्ला (घर ज्याई विवाह)
४) गोलार बाप्ला (साटा-साट विवाह)
५) निरबोलक बाप्ला (केटीको इच्छा अनुसार विवाह)
६) इटुक बाप्ला (केटाको इच्छा अनुसार विवाह)
७) हिरोन चेतन बाप्ला (वहु विवाह)
८) यदि केदिया अरमत बाप्ला (जारि विवाह)
९) अपाङ्ग गीर बाप्ला (प्रेम विवाह)

१०)खाङ्या बाप्ला (विधवा वा विदुर विवाह)

११) होली बाप्ला (भाउजु विवाह)

### ६.५.१ किरिन बाहु बाप्ला (मागी विवाह)

मागी विवाह अन्य जातिमा उत्तम मानिए जस्तै सतार जातिमा पनि राम्रो र बढी प्रचलनमा रहेको अध्ययनका क्रममा पाइयो । भिक्टर टर्नर ले विवाहलाई एउटा संस्कारको प्रक्रिया माने झैं सतार जातिमा विवाह गर्दा एउटा निश्चित प्रक्रिया पुरा गरिन्छ ।

विवाहमा केटाको घरमा एउटा लामो वास आगनमा गाडेको हुन्छ । जसलाई उनीहरुको भाषामा "नजोर कटाउ" भनिन्छ । विवाहको दिन बेहुला अन्माउनु भन्दा अगाडी बेहुला पक्षका बहिनीले, बेहुलाको साथीहरुको र बेहुलाको खुट्टा बेहुलाको आमाले धुने गर्छिन् । यस पछि बेहुलालाई 'नजोर कटाउ' (बाँस गाडेको ठाउँ) मा राखेर सख्खर खुवाइन्छ । सख्खर खुवाउनको अर्थ बेहुलालाई आशिर्वाद दिएको मानिन्छ । यो सख्खर खुवाउने काम बेहुलाको आमा लगायत बेहलाका आफन्तले गर्ने गरिन्छ । बेहुलाले आफ्नो मुखमा एउटा पैसाको डलर राखेको हुन्छ । त्यो पैसा आमालाई दिनु पर्दछ । आमाले आफ्नो साडीले बेहुलाको टाउको छोपेपछि त्यो पैसा आमालाई दिन्छ । त्यो पैसा दिनुको अर्थ बच्चा हुँदा आमाले खुवाएको दुधको ऋण तिरेको भन्ने बुझिन्छ ।

यस पछि बेहुलालाई जन्तिका साथ अन्माइन्छ । बेहुलालाई बेहुलाको भेनाले बोकेर पाल्की, गोरुगाडा, गाडी भए सम्मलाने बताए । यो काम भेना छैन भने फूपाजुले गर्छन् । यसले पनि सतार समूदायमा भेना वा फुपाजुको महत्व देखाउँछ । यस पश्चात् वेहुला सहित जन्तिहरु वजागाजा सहित वेहुलीको घर तर्फ जान्छ । यिनीहरुले बजाउने बाजालाई ढोल भन्दछन् । बेहुलाको घरबाट वरियात निस्केर बेहुलीकामा प्रवेश नगरुञ्जेल बेहुलाको वावुले केही खान नहुने बताउँछन् । बेहुला लगायत वरियात बेहुलीको घर भन्दा अलिक टाढै बेहुली पक्षको जगमाझीले तोकेको ठाउँमा वरियात रोकिनु पर्छ । त्यहि बेहुलाकै खर्चमा खाने बस्ने प्रबन्ध मिलाउनु पर्छ । यस पछि बेहुला पक्षका ३ वा ५ विजोडी व्यक्ति बेहुलीकामा जान्छन् । यिनीहरुले आफ्नो तर्फको सम्पूर्ण तयारी बेहुलीकहाँ सनाउँछन् । यस्तो व्यक्तिहरुको समुहलाई सतार भाषामा "अगोदार" भनिन्छ । अगोदारले आफ्नो पक्षका जन्तीलाई खाना पकाउने, खुवाउने व्यवस्था मिलाउनु पर्छ । बरियात त्यहि रोकिएर बस्नु

पर्छ । बेहुली पक्षकाले नबोलाए सम्म बेहुलीको गाउँमा प्रवेश गर्न पाइदैन । बेहुला पक्षले शुरुको सम्झौता स्वरुप आए छिट्टै प्रवेश निम्ता पाउँछन्  नभए वेहुली पक्षले वेहुला सहित जन्तीहरुलाई प्रवेश दिदैन । बेहुलीको वावुलाई बेहुला पक्षबाट सर-सल्लाह वमोजिम नआएको लागेमा पुन : दुबै पक्षका जगमाझी एक ठाउँमा बस्छन् र जाड-रक्सी खादै मन माझामाझ गर्छन् । बेहुला पक्षको जगमाझीले आफ्नो पक्षको कमजोरी सच्चाउने प्रतिवद्धता दिन्छ साथै बेहुली पक्षको माग बमोजिम हुने समेत आश्वासन दिन्छन् । त्यस पछि बेहुलालाई बेहुलीकोमा आउने अनुमति दिइन्छ । यसरी सतार जातिमा विवाह भनेको केटाकेटी विचको सम्वन्ध नभई, नातेदारी तथा राजनैतिक संस्था र जंगमाझी विच घनिष्ट सम्बन्ध रहेको छ ।

वरियात बेहुलीकोमा प्रवेश गर्दा ढोलक, तबला बजाउँदै वरियात अगाडी बढ्छ । यस समयमा सतार युवकहरुले लट्ठी खेल समेत खेल्ने बताए । बेहुला बेहुलीको घर पुगे पछि बेहुलालाई बेहुलीकी आमा-दिदीले नुहाइ दिने चलन छ । सगुनको लागि सख्खर खुवाइन्छ । जन्ति बेहुलीको घर भित्रिए पछि बेहुली पक्षका केटी वा जवान महिलाले बेहुला पक्षकालाई जिस्काउने चलन रहेको बताए ।

बेहुलीलाई विवाह मण्डपमा निकाल्ने विधि सतार समूदायमा अनौठो प्रकारको रहेको अध्ययनको क्रममा पाइयो । बेहुलीलाई एउटा ठूलो ढाकी (जसलाई उनीहरुको भाषामा 'दौडो' भनिन्छ) मा राखिन्छ र बेहुला पक्षका ३ वा ५ विजोडी व्यक्ति भिनाजु, देवर गएर वेहुलीलाई ढाकीमा नै बोकेर बाहिर ल्याइन्छ । यसबेला बेहुली पक्षका केटाकेटीहरुले खुबै जिस्काउने र रङ दलिदिने बताए । त्यो ढाकी कतै नठोकाई र कतै नराखी बाहिर ल्याउनु यिनीहरुको अनौठो चलन रहेको बताए । ढाकी कतै ठोकिएमा अशुभ मान्दछन् । बेहुली बाहिर ल्याई ढाकीमै उचालेर राखिन्छ भने बेहुला पनि आफ्नो भिनाजु र फूपाजु र दुवै नभए कसैलाई पैसा दिई उसको काधमा चढ्ने गर्छन् । दुवै पक्षका जगमाझी एक-एक लोटा पानीमा 'तीन वा पाँच' वटा आँपका पात लिएर खडा हुने बताए । दुवै बेहुला बेहुली एक अर्कालाई पातले पानी छर्कन्छन् । यसै समयमा बेहुलाले बेहुलीलाई सिउँदोमा सिन्दुर लगाइदिने बताए । यो समय बेहुलीले घुम्टो खोल्न गारो मानेकी हुन्छिन् । बेहुलाले जबरजस्ती घुम्टो खोल्ने गर्दछ । यहि समयमा पोते पनि लगाइदिने बताए । सिन्दुर बुढी औला र कान्छी औलाले च्यापेर तीन पल्ट लगाउनु  पर्छ । त्यस पछि दुवैलाई तल झारी

बेहुलालाई दाहिने र बेहुलीलाई देकेपछि राख्ने बताए । त्यस पछि दुवैको खुट्टा धुने कार्यक्रम हुने बताए र खाना खुवाइन्छ । खाना बेहुला बेहुलीमाझ साटा-साट गरेर खुवाइन्छ । त्यसपछि गाउँको माझी थानमा बेहुला र बेहुलीलाई लाने बताए । त्यहाँ धुप अक्षता, सिन्दुर चढाई पूजा गर्न लगाइन्छ दुवैलाई माझी हडामले आशिर्वाद दिने बताए । दुबै पक्षका जगमाझी, त्यस गाउको माझी हडामको सामुन्ने माझी थान देवतालाई साक्षी राखि केटीको वावुले आफ्नी छोरीको हात केटाको वावुको हातमा हालि दिन्छ । यहाँ भव्य नाचगान गर्ने सतारहरुले अध्ययनका क्रममा बताए ।

यस पछि विदाइको कार्यक्रम शुरु हुने बताए । विदाई हुनु भन्दा अगाडी बेहुलीकी आमाले बेहुला-बेहुलीको मुख धोइदिने र सख्खर खुवाउछिन् । यस पछि केटीको (बेहुली) मुखमा राखेको पैसा बेहुलीको आमालाई दिन्छिन् । यो छोरीलाई आफ्नी आमाले दुध खुवाएको ऋण तिरेको सतारहरु मान्दछन् । बेहुलाको साथै उसको साथी, भेनालाई पनि सख्खर खुवाउने बताए । यस पछि बेहुला र बेहुली पक्षका वावु लगायत आफन्तबीच ढोगबेट हुने बताए । यो ढोगबेटले रीत (गमन टाका) तिरेको भनिन्छ र नातेदारी स्थापित भएको भन्दछन् । यस पछि बेहुली सहित बेहुला र जन्ति केटी पक्षको घरवाट विदाई हुन्छ । बेहुला-बेहुली दुवैले बढो श्रद्धासाथ आफू चढ्ने साधनलाई नमस्कार गर्ने र त्यसमा चढ्ने बताए । बेहुली पक्ष बढो नरमाइलो मान्दै विरह भाकामा गीत गाउँछन् र विदा गर्ने बताए । यो समयमा यिनीहरुले गाउने गीतमा

लिहि मायकोमदारी हरलोलो मुताम
अलोम्रागा
पकोडमा गोञ्जरे हरलोलो प्रताम
कुनालोम्रागा
नेपाली भावर्थ

दाम्पत्य जीवनतिर अग्रसर भएकी तिमी जति रुनु छ र आँशु वहाउनु छ, आजै वगाउ, आज भन्दा पछि तिमीले कहिल्यै नरुनु, हाम्रो जोडी जस्तो भएर एक अर्काको सहयोग र भरोसामा बाँच ।

वरियात केटाकोमा फर्केपछि सरासर त्यहाँको माझीथानमा लगेर पूजा आजा गर्न लगाउने र त्यस गाउँको माझी हडामसँग आशिर्वाद लिने बताए । त्यस पछि केराको बोट छेउ केटा-केटीको खुट्टा धोइदिने परम्परा रहेको बताए । बेहुलीकी आमाले दुवैलाई सगुन स्वरुप गुण खुवाएर घरमा भित्राउने बताए । बेहुली केटाको घरमा प्रवेश गर्दा गेटमा राखेको चामलको डालो खुट्टाले लडाइदिने चलन रहेको बताए । यो प्रचलन परम्परा देखि गर्दै आएको र अहिले पनि रहेको छ । भित्राउँदा दुवैलाई पहेंलो रङ समेत दलिदिने चलन रहेको पाइन्छ । वेहुलीसंग लोकन्ती समेत आउँछन् । वरियात वेहुलीकामा जाँदा एउटा सानो पाठो बेहुली पक्षलाई दिएको हुन्छ । लोकन्ति फर्किए पछि बेहुलीको बावुले सो पाठो काटेर सबैलाई खुवाउने चलन छ । त्यहाँ भोज गर्ने बताए । भोजमा जाड-रक्सी, मासु-चिउरा, भात, तरकारी खाने बताए । तीन रात वसी वेहुली माइत जान्छिन् र हप्ता दिन पछि बेहुली लिन बेहुला जाने बताए । ऊ ससुरालीमा १/२ दिन बसी बेहुलीलाई साथै लिएर घर फर्कने बताए ।

**मागी विवाहमा आएको परिवर्तन**

मागी विवाह वावु आमाको सहमतिमा गरिने विवाह हो भनि सतारहरुले बताए । तर यसमा परिवर्तन आईरहेको कुरा यहांका सतारहरुले बताए ।

होप्ना हास्ताका अनुसार ४/५ दशक अगाढी हामी सतार समूदायसँग जग्गा जमीन प्रसस्त मात्रामा थियो । हामीहरु आफ्नो जग्गामा खेतीगरी प्रसस्त मात्रामा अन्न उत्पादन गर्दथ्यौं । यो उत्पादन गरेको अन्न विक्रि गर्नै ठाउँ पनि थिएन र अन्न आफ्नै घरमा राख्थ्यौं । यस्तो अन्नहरु विभिन्न उत्सव जस्तै - विवाह, चाडपर्वमा भोज भतेर, रमाइलो गरेर खर्च गर्दथ्यौं । जसले गर्दा विवाह गर्दा लामो समय १०/१२ दिन लगाएर भोज भतेर, रमाइलो गरेर गर्दथ्यौं । यसरी लामो दिन लगाएर गर्ने विवाहमा प्रसस्त मात्रामा अन्न हुंदा आफन्तहरुलाई बोलाई भोज भतेर गरेर रमाइलो गर्ने गर्दथ्यौं । तर पहाडी भागबाट तराइमा व्राम्हण, क्षेत्री, राई, लिम्बुको आगमन हुन थालेपछि सतारहरुले कमाएको जग्गा व्राम्हण, क्षेत्री, राई, लिम्वुले कानुनी रुपमा आफ्नो बनाउन थाले र विस्तारै आफ्नो जग्गा गुमाउन पुगेको बताए । अहिले हामीसँग जग्गा जमीन नभएको र आर्थिक रुपमा कमजोर भएकोले गर्दा २/३ दिनमा नै सक्ने बताए ।

४/५ दशक अगाडी विवाहमा जन्ति कम जाने बताए । यस्तो हुनुमा सतार संख्या कम हुनु भएर हो भन्छन् । तर अहिले सतार जनसंख्या बढेर जानु, जन्ति जाने क्रम बढेर जानुले पनि बढी जाने बताए । पहिला जन्ति जाँदा नजिकै गाउँमा विवाह हुने जन्ति जाँदा गोरु-गाडा, हिडेर जाने बताए । उनीहरुसँग प्रसस्त मात्रामा जग्गा जमीन थियो र गोरु-गाडाआफै सँग हुन्थ्यो र विवाह पनि नजिकै हुनाले यातायातको प्रचलन नभएकाले गोरु-गाडाको प्रयोग गरेको बताए । तर अहिले आएर जग्गा विहिन हुनु, गोरु-गाडाको प्रचलन हराएर जानु, विवाह पनि एउटै गाउँमा मात्र नभई टाढा-टाढा हुन थाल्यो । जसले गर्दा यातायातको प्रयोग थालेको कुरा अध्ययनको क्रममा सतारहरुले बताए ।

### ६.५.२ **टुकी दिपाल बाप्ला (कम खर्चिलो विवाह)**

कम खर्चिलो र सामान्य रुपमा गरिने विवाह सतार जातिमा टुकी दिपाल वाप्ला भनिन्छ । यसमा विवाहको सबै विधि अपनाई गाउँका मानिसले सहयोग गरेर केटीले आफ्ना सामानहरु तुङ्गी वा वास्केटमा लिएर केटा संगै केटाको घरमा गई आफ्नो वैवाहिक सम्बन्धलाई अगाडी बढाउने गरिन्छ । यो विवाहमा केटीलाई मेला, हाटबजारमा हेरी मन पराए पछि केटा सहित केटा तर्फका केहि व्यक्ति र केटीको घरमा गएर केटी ल्याउने गरिन्छ र आफन्तलाई बोलाई भोज गर्ने र विवाह समाप्त गर्ने भनि सतारहरुले बताए । यति भए पछि उनीहरु एक आपसमा पनि-पत्नि भएको स्वीकार गर्ने सतारहरुले बताए । यो चलन अहिले पनि अध्ययन क्षेत्रका सतार समाजमा प्रचलन रहेको छ ।

### ६.५.३ **घरदी ज्वाई बाप्ला (घर ज्याई विवाह)**

घर ज्वाई विवाह केटीको घरमा छोराहरु नभएमा छोरी मात्र भएमा घर ज्वाई आफ्नो छोरी दिई आफ्नै घरमा राखी गरीने विवाहलाई घरदी ज्वाई वाप्ला भनिन्छ । यो विवाहमा कुनै केटाले कुनै केटीलाई मन पराएमा त्यस केटाले केटीको घरमा बसी काम गर्नु पर्छ र केटीका वावुले आफ्नी छोरी दिई विवाह गरि दिन्छन् । पहिला चाहिँ यस्तो विवाह प्रसस्त प्रचलनमा रहेको कुरा बताए । यो विवाह गर्न सतारहरु अहिले नरुचाउने बताए । हामी आफ्नै घरमा बस्त रुचाउँछौं, घर ज्वाई बस्न मन लाग्दैन, अरुको घरमा गएर बस्न मन लाग्दैन, हामी आफै काम गरेर खाने, किन अरुको घरमा बस्ने । लुखीराम टुडुले भने

केटाहरु घर ज्वाई बस्न मान्दैनन्, कसरी गर्ने घर ज्वाई विवाह । यो हटेर जानुमा सामजिक हिनताबोधले गर्दा हो भन्न सकिन्छ ।

### ६.५.४ गोलाट बाप्ला (साटा-साट विवाह)

साटा-साट गरि गरिने विवाहलाई गोलाट बाप्ला भनिन्छ । सतार जातिमा केटीका दाजु वा भाईले ज्वाइकी दिदी वा बहिनीसँग विवाह गर्ने चलन रहेको सतारहरु वताउँछन् । यो विवाह आज भन्दा २०/२५ वर्ष पहीले एक दमै प्रचलनमा रहेको कुरा यहाँका सतार बुढापाकाले बताए । यो विवाह कम खर्च लाग्ने र भोज भतेर गर्न नसक्नेले केटा र केटीका वावु विच कुराकानी गरी राजी भए पछि केटीलाई केटाको हातमा सुम्पी केटी केटाको घरमा गई आफ्नो वैवाहिक जीवन अघि बढाउँछन् भनी सतारहरुले बताए । यस्तो विवाहले दुई पक्षको नातेदारीलाई बलियो बनाउने भएकोले यो विवाह गर्ने बताए ।

तर यो प्रचलनको विवाह हराउँदै गएको कुरा यहाँका सतार बुढापाकाले बताए । यो प्रचलनमा परिवर्तन आउनुका कारणमा एक पक्षका छोरा छोरी ठूला र अर्का पक्षका सान हुनु, परिवारको संख्या घट्दै जानुले गर्दा साटा-साट विवाह नभएको वताउँछन् । गोलाट बाप्लामा आएको परिवर्तन सँगसँगै नातेदारी सम्बन्धमा पनि परिवर्तन आएको देखिन्छ । किनकि यस प्रकारको विवाहरु दुई परिवारको वीचमा मात्र वैवाहिक नातेदारी हुने गर्दथ्यो भने अव दुई परिवारमा मात्र वैवाहिक नातेदारी नभई धेरै परिवारको वीचमा वैवाहिक नातेदारी स्थापित हुन थालेको स्थानिय सतारहरुले बताए ।

### ६.५.५ निरबोलक बाप्ला (केटीको इच्छा अनुसारको विवाह)

यस्तो विवाह केटीले मन पराएको केटाको घरमा जवरजस्ती पस्ने र केटा पक्षले स्वीकार गरे विवाह गरिदिने र सहजताका साथ उ त्यस घरकी वुहारी हुन्छे । यदि केटाकी आमा, केटालाई त्यो केटी मन नपरे उसलाई फकाई फुल्याई घरबाट निकाल्ने कोसीस गर्छिन् तर केटी जान नमाने घर भित्र खोर्सानी पोली वस्न नसक्ने वातावरण बनाउने बनाइन्छ । यदि गर्दा पनि केटी अडिग भएर ऊ त्यस घरकी वुहारीको रुपमा स्वीकार गरिन्छ । यति भए पछि केटा तर्फका मानिस बोलाई भोज भतेर खुवाउने र रमाइलो गर्ने प्रचलन रहेको कुरा बताए ।

यस्तो विवाह गरेमा केटीलाई अहिलेका यूवाहरुले स्वीकार नगर्ने, अपहेलना गर्ने, घरबाट जवर जस्ती निकाल्ने जस्ता कारणले गर्दा यस्तो विवाह गर्न कम हुँदै गएको बताए । यसै सन्दर्भमा मूस्सी मुर्मु भन्छन् "हामीलाई मन परेको केटी छ भने त स्वीकार गर्छौं तर मन परेको नै छैन भने कसरी स्वीकार गर्ने । हामी आफूलाई मन परेकी केटी विवाह गर्ने हो नी ।"

### ६.५.६ इटुक बाप्ला (केटाको इच्छा अनुसार विवाह)

केटाको इच्छा अनुसार गरिने विवाहलाई इटुक बाप्ला भनिन्छ । यस्तो विवाहमा केटालाई मन परेको केटीलाई कुनै पनि ठाउँमा एक्लै पारेर आफ्नो वल बुताले केटीलाई सिन्दुर हालिन्छ र त्यो केटीले सहर्ष स्वीकारे. त्यो केटी त्यसकेटा संग विवाह गरेको ठहर्छ तर केटीले केटी पक्षले नरुचाए केटलाई कुटपीट समेत गर्ने हुँदा यसमा केटाले निकै ठूलो जोखिम उठाउनु पर्छ । केटी आफ्नै वावु आमा संग बस्ने गर्छिन र पछि अन्य केटासँग विवाह गर्न सक्छिन् । तर सतार जाति यसलाई दोस्रो विवाह भएको मानिन्छ । किनकि उसको पहिलो विवाह सिन्दुर जवरजस्ती लगाइदिने संग भएको मान्ने गरिन्छ । यदि उक्त केटीले कुनै केटासँग विवाह नगरी माइतमा बसिराखेमा उनी विधवा सरह भएको मान्ने परम्परा रहेको अध्ययनका क्रममा पाइयो ।

यो विवाहमा पुरुषको स्थान उच्च भएको देखाउँछ । यो विवाह सतार समूदायको कम खर्चिलो र ज्यादै लोकप्रिय विवाह भएको बताए । यो विवाह हिंसात्मक र जवरजस्ति भएकाले यो क्रमस हराउँदै गएको यहाँका सतारहरुले बताए । बुढा-पाका सतारहरुका अनुसार आज भन्दा २/४ दशक पहिला यस्तो विवह ज्यादै प्रचलनमा रहेको थियो तर आज भोलि हराउँदै गएको बताए । मसला हास्दाका अनुसार यो हराउनुमा कानुनी रुपमा दण्डनीय, सामाजिक रुपमा नराम्रो, पारिवारिक कलह आदि हो भनि भन्दछन् ।

### ६.५.७ हिरोन चेतन बाप्ला (बहु विवाह)

हिरोन चेतन बाप्लालाई वहु विवाह भनिन्छ । पहिली श्रीमति हुँदा हुँदै दोस्रो केटी भगाएर गरिने विवाह वहु विवाह हो । यो विवाहलाई सतारहरु अमान्य विवाह मान्दछन् । भने कतिपय परिस्थितिमा भने मान्यता दिने गरेको बताए । पहिली श्रीमति रोगि भएमा,

छोरा-छोरी नभएमा, शारीरिक रुपमा अपाङ्ग भएमा घर गृहस्थी चलाउन श्रीमति र समाजको स्वीकृति लिएर दोस्रो विवाह गर्ने परम्परा रहेको कुरा बताए ।

हिरोन चेतन वाप्ला नगर्नुमा परिवार समाजले स्वीकार नगर्नु हो । मसला हास्ता वर्ष ४१, अनुसार परिवारमा दुईजना श्रीमति भएमा त्यहाँ ती दुई विच झै-झगडा हुने, एकले अर्कालाई हेप्ने, कान्छी श्रीमति ल्याएपछि श्रीमानले जेठी श्रीमतिलाई हेप्ने, वास्ता नगर्नाले परिवारमा झै-झगडा हुने गर्दछ भनी बताए । आर्थिक बोझ बढेर जान्छ । कान्छी विवाह गरेपछि उबाट जन्मने सन्तानलाई खान लाउन दिनु पर्छ ।

वहु विवाह गर्ने श्रीमान/श्रीमतिलाई 'गुमस्ता' ले दण्डीत गर्ने गर्दछ । यदि समाजको सामाजिक नियम कानुन नमानेमा समाजबाट नै ऊ वहिस्कृत हुने बताए । यस्तो व्यक्तिलाई उनीहरुको विभिन्न उत्सवहरुमा वोलाउँदैनन् र जादैनन् । यसरी समाजले नबोलाए पछि ऊ एक्लो हुन्छ । ऊ उनीहरुको समाजबाट नै वहिस्कृत हुने बताए । यदि कसैले वहु विवाह गरेमा ऊ पुन समाजमा फर्कन भोज भतेर गर्नु पर्ने हुन्छ । दण्ड-जरिवाना तिर्नु पर्ने हुन्छ । जसको डरले यो प्रथा आदिले आएर हराउँदै गएका बताए ।

### ६.५.८ यदि केदिया अरमत बाप्ला (जारी विवाह)

यहि केदिया अरमत बाप्लालाई जारी विवाह भनिन्छ । आफ्नी श्रीमति हुँदा हुँदै अर्काकी श्रीमति भगाएर विवाह गर्नु र पहिलेको लोग्नेलाई स्वास्नी भगाए वापत जार तिर्नुलाई जारी विवाह भनिन्छ । यस्तो विवाह स्वास्नी लगे वापत माझी हडामको अगाढी स्वास्नी लगेवापत उसले भने जति जार (पैसा) तिर्नु पर्छ । यसरी जार तिरेर राखेकी स्वास्नी पुन : तेस्रोसँग विवाह गरेमा त्यो श्रीमाने आफूले तिरेको रकमको दोब्बर जार लिन पाउने अनौठो संस्कार रहेको अध्ययनका क्रममा पाइयो । एक यूवतिले भनिन् यस्तो विवाह गर्नु राम्रो होइन । अर्काको परिवार विगारेर के पाउने । यो विवाह गर्नेलाई दण्ड-जरिवाना गर्नु पर्छ भनी बताइन् । यस्तो विवाहबाट समाजमा पुन : फर्कन समाजमा भोज खुवाउने गर्नु पर्छ । समाजले तोकेको जरिवाना रुपैया पैसा तिर्नु पर्छ भनी एक सतारले बताए । यो विवाहको प्रचलन हराएर जानुमा सामाजिक रुपमा अस्वीकार, दण्डनीय, पारीवारिक विचलनले गर्दा हो भनी भन्न सकिन्छ । यस्तो विवाहलाई समाजले अस्विकार गर्ने बताए ।

यदि यस्तो विवाह गरेमा सतार समाजको राजनैतिक व्यवस्ता 'गुमस्ता' लगायत गाउँका अन्य व्यक्तिले दण्डित गर्ने र आवश्यक जरिवाना गर्ने बताए ।

जारी विवाहलाई समाजले अस्विकार गर्ने वताए । जारी विवाहलाई अस्विकार गर्नुमा सतार समूदायका एक रामु मुर्मु भन्छन् - यदि कसैको परिवार विगारेर के गर्नु । यदि कसैले अर्काकी श्रीमति भगाएर विवाह गर्छ भने उसलाई हाम्रो समूदायबाट नै पूर्ण रुपमा अस्विकार गरिन्छ । यस्तो विवाहले परिवारमात्र होइन सम्पूर्ण समूदायमा नै नराम्रो असर पर्छ । यदि एकले यस्तो विवाह गरेमा उलाई केहि गरेन भने पुन : अरुले पनि यस्तो गरेमा गाउँ नै नराम्रो हुन्छ । कसैको पनि परिवार राम्रोसँग रहन सक्दैन । त्यसैले यस्तो विवाहलाई हाम्रो समूदायले अस्विकार गर्ने बताए । यस्तो विवाह गर्नेलाई सतार समूदायको राजनैतिक व्यवस्था 'गुमस्ता' लगायत गाउँका व्यक्ति भेला भएर सम्वन्धित व्यक्तिलाई दण्डित गर्ने, उसलाई गाउँबाट नै निकाला गर्ने बताए । उसलाई पुन : समाजमा घुलमिल हुन उसले समाजलाई भोज खुवाउनु पर्छ र दण्ड स्वरुप रुपैया पैसा तिरे पछि पुन ऊ समाजमा घुलमिल हुने व्यवस्था रहेको बताए ।

### ६.५.९ अपाङ्ग गीर बाप्ला (प्रेम विवाह)

अपाङ्ग गीर बाप्लालाई प्रेम विवाह भनिन्छ । प्रेम विवाहलाई सतार समूदायमा स्वीकार्य भएको कुरा यहाँका सतारहरुले बताए । कुनै केटाले कुनै केटीलाई मन पराएर भगाएर गरिने विवाह प्रेम विवाह हो भन्दछन् । यस विवाहमा केटा केटी मन पराएर भागे पछि केहि दिनमा छोरी फिर्ता लाने र केटा तर्फबाट केही रुपैयाका साथ मासु, जाड, रक्सी आदि उपहार लिई केटीका वावु आमाका घरमा गई केटी लिएर आउने र यो विवाहमा भोज भतेर गरी सम्पन्न गर्ने बताए । यो विवाहमा त्यति झन्झट नभएको भनि यहाँका सतारहरुले बताए । यो विवाह यस समाजमा प्रचलनमा पाइयो ।

प्रेम विवाह बढ्नुको कारणमा शहर विस्तारलाई पनि सतारहरु एक मान्दछन् । शहर विस्तार भएपछि त्यहाँ सतार यूवा-यूवति काम गर्न जान थाले, उनीहरुबिच काममा जाने शिलशिलामा गफ-गाफ हुन थाल्यो । यसले उनीहरुमा एक अर्का प्रति आकर्षित हुन थाले । यसले गर्दा प्रेम विवाह बढेर गएको बताउँछन् । अध्ययनका क्रममा शहरीकरणको साथ-साथै प्रेम कथामा आधारित चलचित्रले गर्दा पनि प्रेम विवाह बढेको कुरा यहाँका यूवाहरु

वताउँछन् । अध्ययनका क्रममा विर्तामोड शहरमा २ वटा चलचित्र हल (अन्नपूर्ण टाकिच र कृष्ण फिलिम हल) रहेको पाइयो । यी सीनेमा हलहरुमा यहाँका सतार युवा-युवतिहरु सिनेमा हेर्न गएको पाइयो । ति सिनेमा हलले देखाएका प्रेम मय दृष्यहरुबाट पनि प्रेमतिर आकर्षित भएको कुरा यूवायूवतिहरु बताउँछन् । हाम्रो वाबु-वाजेहरुको ९/१० वर्षको उमेरमा विवाह गर्थे तर अहिले आएर केटा-केटीको उमेर १८/२० वर्ष भएपछि विवाह गर्नुले पनि अहिलेका युवा-युवतिहरु प्रेम विवाह तिर आकर्षित भएको बताउँछन् ।

CASE: यस कुरालाई प्रमाणले पनि स्पष्ट पार्दछ ।

*रामु मुर्मु एक घर बनाउने काम गर्थे । उनी घर बनाउन विर्तामोड शहरमा जान्थे । उनी घर बनाउने ठाउँमा उसा मर्दी पनि काम गर्न आउँथिन् । यसरी यी दुई जनाको भेट काम गर्ने शिलशिलामा भयो । यी दुई एक अर्कामा आकर्षित भए र रामु मुर्मुले उसालाई प्रेम प्रस्ताव राख्यो । उसाले रामु मुर्मुको प्रस्तावलाई स्वीकार गरीन् । यसरी यी दुई जना प्रेम गर्न थाले । प्रेम गरेको ६ महिना २०६२ साल मंसिरमा यीनिहरु भगे । यीनिहरु भगेको कुरा केटा र केटी दुवै तर्फकाले थाहा पाए । केहि दिनमा केटा र केटी दुवैलाई घरमा बोलाइयो । यी दुवै केटाको घरमा गए । उनीहरु आएको केहि दिनमा केटीका पक्षले केटीलाई आफ्नो घरमा लगे । त्यसपछि केटा पक्षबाट केही रुपीयाका साथ मासु, जाड-रक्सी आदि उपहार लिई केटीका वावु-आमाको घरमा लाने गर्छन् र यी दुईको विवाह गरि दिए । यसरी राजु मुर्मु र उसा मर्दीको प्रेम विवाह भएको कुरा यहाँका एक सतार मुन्सी तलाई मुर्मुले बताए ।*

### ६.५.१० **खाङ्या बाप्ला (विधवा वा विदुर विवाह)**

विधवा वा विदुर विवाहलाई सतार समूदायमा मान्यता दिएको बताए । विधवा आइमाइलाई कुनै केटाले मन पराएमा उसले घर जम गर्न सक्ने व्यवस्था भएको कुरा यहाँका सतारहरुले बताए । विदुर केटालाई पनि विवाह गर्न समाजले स्वीकार्य ठान्दछन् । विधवा भन्दा विदुर केटालाई विवाह गर्न सहज र सजिलो हुने यहाँका सतारहरुले बताए । यो हुनुमा यो समाज पितृसतात्मक भएको गर्दा हो भनी भन्न सकिन्छ । यस्तो विवाहबाट जन्मीएका छोराछोरीलाई सामाजिक रुपमा स्वीकार गर्ने बताए ।

यो विवाहलाई मान्यता दिए पनि यूवाहरुले विधवा विवाह गर्न नमान्ने र केटी नै विवाह गर्ने भएकाले यो विवाहको प्रचलन यस समाजमा नरहेको यहाँका सतारहरुले बताए । तर विदुरले भने केटी मागेर नै विवाह गर्न सक्ने व्यवस्था रहेको बताए । विधवालाई केटाहरुले मन नपराउने, उनले आफ्नो कुरा खुलस्त राख्न नसक्नाले विधवालाई पुन : अर्को विवाह गर्न अफ्ट्यारो परेको कुरा यहाँका सतारहरुले बताए । यदि विधवा र विदुर छन् भने उनीहरुको विवाह हुन सक्ने व्यवस्था रहेको यहाँका सतारहरुले बताए ।

### ६.५.११ होलि बाप्ला (भाउजु विवाह)

भाउजु विवाहलाई सतार समूदायमा मान्यता दिएको कुरा यहाँका सतारहरुले बताए । यदि दाजुको मृत्यु भएमा देवरले समाजको स्वीकृति लिएर भाउजुलाई विवाह गरी आफ्नो श्रीमति बनाउन सक्ने प्रचलन रहेको कुरा यहाँका सतारहरुले बताए । उसलाई सामाजिक रुपमा स्वीकृति दिएको हुन्छ । समाजमा उसलाई अरु सरह मान्यता दिने बताए ।

यो प्रचलन पहिला भए पनि अहिले हराएर गएको बताए । यो प्रचलन हराउनुमा भाउनु आदरणीय व्यक्ति ठान्नु । यो वाह्रय संस्कृतिको प्रभाव हो भन्न सकिन्छ । मैले अध्ययन गरेको ठाउँमा यस्तो विवाह गरेका सतारहरु नभएको र यहाँका सतारहरुले पनि यस्तो विवाह नभएको बताए । तर अन्य सतार समूदायमा भने यस्तो विवाह गर्ने गरेको बताए ।

## ६.६ अध्ययन क्षेत्रमा निम्न प्रकारका विवाह पाइयो ।

**तालिका नं. ५ : विवाहका प्रकार र संख्या**

| विवाहका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| किरिन बाहु बाप्ला | १७ | ३५.४२ |
| टुकी दिपाल बाप्ला | ८ | १६.६७ |
| घर दी ज्वाई बाप्ला | २ | ४.१७ |
| गोलार बाप्ला | १ | २.०८ |
| निरबोलक बाप्ला | २ | ४.१७ |
| इटुक बाप्ला | १ | २.०८ |
| हिरोन चेतन बाप्ला | १ | २.०८ |
| यदि केदिया अरमत बाप्ला | १ | २.०८ |
| अपाङ्ग गीर बाप्ला | १४ | २९.१७ |
| खाड्या बाप्ला | १ | २.०८ |
| होली बाप्ला | - | - |
| जम्मा | ४८ | १००% |

कार्य क्षेत्र अध्ययनमा मागी विवाह १७, कम खर्चिलो विवाह ८, घरज्वाइं विवाह २, साटासाट विवाह १, केटीको इच्छा अनुसारको विवाह २, केटाको इच्छा अनुसारको विवाह १, बहुविवाह १, जारी विवाह १, प्रेम विवाह १४ र विदुर-विधुवा विवाह १ गरी जम्मा ४८ विवाह रहेको छ ।

## ६.७ बेहुलाको पहिरन

तराईको गर्मी क्षेत्रमा वसोवास गर्ने भएकाले यहाँको हावापानी अनुसार सतार पुरुषहरु पातलो धोती, गञ्जि, कछाड, लगौटी, गाम्चा लगाउने बताए । घरमा बस्दा धेरै जसो कछाड, गाम्छा बेर्ने र बाहिर हिडडुल गर्दा बुढापाकाले कमेज, सेतो धोटी लाउने र युवाहरुले प्यान्ट सर्ट लगाउने गरेको पाइयो । सतारहरुले उनीहरुको पहिरनलाई 'पंचि' भन्ने

बताए । पहिला पहिला विवाहमा बेहुलाले सर्ट र धोती लगाउने र अहिले भने सर्ट प्यान्ट लाउन थालेको बताए । उनीहरुको भाषामा यो पहिरनलाई 'ससाङ धोती' भन्ने बताए ।

### ६.८ बेहुलीको पहिरन

सतार महिलाहरु आफ्नो पहिरनमा चोलो, लुङ्गी, साडी, म्याक्सी लगाउने बताए । लुङ्गी, साडी चार बुट्टी भएको हुन्छ भने चोलो हरियो, पहेंलो, निलो रङको लगाउने बताए । उनीहरु विवाह गर्दा विचमा सेतो, साधा र चेकमा पहेंलो भएको साडी लाउने र चोलोमा हरियो, पहेंलो, निलो रङको लाउने बताए । खुट्टामा कल्ली, चप्पल लाउने बताए ।

### ६.९ गर - गहना

सतार महिलाहरु लामो कपाल पाल्ने र पछाडी जुरो बाट्ने बताए । जुरोमा काटा, फुल लाउने बताए । तोरी, नरिवर र बजारमा पाइने सुगन्धित तेल कपालमा लाउने र कपाल कोर्ने बताए । सतार स्त्रीहरु खुट्टामा कल्ली, पाउजु, घाटीमा चाँदिको सिक्री, कानमा मुन्द्रा, हातमा बजारे औंठी, काच, चाँदिका चुरा, सिक्रि लाउने बताए । टीका, गाजल, लिविष्टीक, पाउडरको पनि प्रयोग गर्ने बताए ।

### ६.१० सतार समूदायमो अन्य पक्षमा आएको परिवर्तन

सतार समूदायको विवाहमा परिवर्तन आउनुका साथै यिनीहरुको विवाहको पहिरन, गर-गहना, विवाह गर्ने उमेर, बेहुला-बेहसली छान्ने प्रक्रिया, आफैले केटा केटी रोज्ने प्रक्रिया, खर्च, भोज भतेर, रीत-दस्तुर, दाइजो दिने प्रचलनमा क्रमश परिवर्तन आएको बताए ।

#### ६.१०.१ विवाहको उमेरमा आएको परिवर्तन

सतार समूदायमा विवाह गर्ने उमेरमा परिवर्तन आएको सतार बुढापाकाले बताए । हाम्रा बुढा पाकाले ९/१० वर्षमा विवाह गर्थे तर आज भोलि १८/२० वर्षमा गर्ने बताए । यो उमेर कानुनले तोकेको उमेर पनि हो र केटा केटी अलिक पाको भए पछि मात्र विवाह गर्ने बताए । यो परिवर्तन आउनुको कारण्मा विवाहको लागि योग्य उमेरलाई लिनु, वाह्य संस्कृति, कानुनी रुपमा योग्य भएकोले हो भन्न सकिन्छ ।

### ६.१०.२ बेहुला-बेहुली छान्ने अधिकारमा आएको परिवर्तन

बेहुला बेहुली छान्ने प्रक्रियामा परिवर्तन आएको कुरा यहाँका सतारहरुले बताए । वुढापाकाका अनुसार उनीहरुको विवाह गर्दा केटा-केटी छान्न पाइने थिएन । वावुले वा परिवारका सदस्यले छानेको केटा वा केटीलाई नै विवाह गर्नु पर्दथ्यो । बाबु-आमाले रोजेको केटा-केटीसंग विवाह गर्नु पर्दथ्यो । तर हाल आएर यस्तो परम्परा हराएर गएको कुरा बुढा-पाका, युवा-युवतीले बताए । अहिले आएर केटा र केटीलाई भेटघाट गराउने, मन परे नपरेको सोध्ने, यदि दुवै राजी भए पछि मात्र विवाहको कुरा अघि बढाउने र विवाह गर्ने बताए । झन् आज भोलि केटा-केटी एक आपसमा मन परापर गरी सकेका हुन्छन् । उनीहरु विवाह अघि नै मन परापर गरी सकेका हुन्छन् र उनीहरुको विवाह एक आपसमा हुने बताए । यो परिवर्तन आउनुको कारणमा वाह्य संस्कृतिको प्रभाव, शहरीकरण, आधुनिकीकरणले हो भन्न सकिन्छ ।

### ६.१०.३ दाइजो प्रथामा आएको परिवर्तन

सतार समूदायको विवाह प्रथामा लगभग ३/४ दशक पहिले दाइजो दिने प्रचलन नरहेको तर आज भोलिका विवाहमा यो प्रथा प्रचलनमा आएको कुरा सतारहरुले बताए । यस्तो दाइजो दिने सर-सामानमा गाई, ओछ्यान, खाट, लुगाफाटा, बजारे गर गहना, भाडा-कुडा, चामल जस्ता सामन दिने प्रचलन रहेको बताए । यस्तो परिवर्तन आउनुको कारणमा अन्य संस्कृतिको प्रभाव, वदलिदो परिवेश, छोरीको घर व्यवहारमा सहयोग मिलोस् भनेर यो प्रथा अवलम्वन गर्ने गरेको बताए ।

# अध्याय - सात

## सारांश, मुख्य प्राप्ति र निष्कर्ष

यो अनुसन्धान "सतार समुदायको विवाहमा आएको परिर्वतन एक समाज शास्त्रिय अध्ययन हो । जसमा निम्न उद्देश्य राखेर अध्ययन गरिएको छ ।

- सातर समुदायको विवा पद्धतिको परम्परागत विवाह र आधुनिक विवाहका बारेमा जानकारी हासिल गर्ने गरिएको छ ।
- सतार समूदायका विवाह पद्धतिका परिवर्तनका कारक तत्वहरु के के हुन् तिनका वारेमा वुझ्ने प्रयास गरिएको छ ।
- विवाहको राजनैतिक, सांस्कृतिक, सामाजिक पक्षहरुको सम्वन्धलाई केलाउने प्रयास गरिएको छ ।

सतार समूदायले परम्परागत विवाह कसरी गर्दथे र आधुनिक विवाह कसरी गर्दा रहेछन् त्यसको अध्ययन गरिएको छ । यिनीहरुको विवाहमा के कसरी परिवर्तन आयो, परिर्वतन आउनाका कारणहरु खोज्ने प्रयास गरिएको छ । सतार समूदायको विवाहमा राजनैतिक, सांस्कृतिक, सामजिक पक्ष कस्तो रहेको छ, त्यसलाई अध्ययन गरिएको छ ।

सतार समूदायको विवाहलाई यस अनुसन्धानमा संरचनात्मक प्रकार्यवादबाट हेरिएको थियो । सतार समूदायको विवाहबाट उनीहरुको समूदाय कसरी चलेको छ । विवाहले सतार समूदायको प्रकार्य कसरी गर्दछ भन्ने कुरालाई अध्ययन गरिएको छ । विवाहबाट एउटा परिवारको निर्माण हुने, त्यो परिवारहरुबाट एउटा सतार समूदायको निर्माण हुने गर्दछ र तीनिहरुले आफ्नो समूदायलाई बचाउन आ-आफ्नो ठाउँबाट कामहरु ग्र्ने र ति कामहरुले एउटा सतार समूदायलाई अघि बढाउन सहयोग गर्ने र सतार समूदाय निरन्तर रुपमा अघि बढ्ने गर्दछ । जसले प्रकार्यात्मक एकता कामय गर्ने गर्दछ ।

विभिन्न इकाइहरुको विचको प्रकार्यात्मक एकतालाई संरचनात्मक प्रकार्यात्मक उपागमले जोड दिन्छ । विवाहमा धर्मले प्रकार्यात्मक एकता कायम गरेको हुन्छ । विवाहमा ठाकुरजी देवता, मराङ देवता, जोहर एरा देवता आदिको पूजा गर्ने गर्दछन् । ठाकुरजी

देवतालाई सृष्टिकर्ताको रुपमा ; मराङ देवतालाई गाउँमा दुःख कष्ट नआओस्, जोहर एरा देवतालाई सतार समूदायमा घटेका घटनाहरुको समाचार पुऱ्याउने देवताको रुपमा पूजा गर्ने गर्दछन् विवाहमा वेहुला-वेहुलीले माझी थानमा गई यी देवि देवताको पूजा गर्ने र आर्शिवाद माग्ने गर्दछन् । जसले उनीहरुको वैवाहिक जीवन सफल रहोस् भन्ने विश्वास गरिन्छ ।

सतार समूदायको आफ्नै राजनैतिक व्यवस्था रहेको छ । जसले सतार समूदायको प्रकार्यात्मक एकता कायम गराउने काम गरेको हुन्छ । उनीहरुको राजनैतिक व्यवस्थामा मुख्य व्यक्ति माझी हडाम हुने व्यवस्था रहेको छ । उसले सम्पूर्ण सतार समूदायको निर्णयको भूमीका खेलेको हुन्छ । उसले दिएको निर्णय नै सवैले मान्ने गर्दछन् । उसले विवाहमा नव विवाहितलाई आर्शिवाद दिने गर्दछ । जगमाझी माझीहडाम अनुपस्थितिमा झै-झगडा, समस्यालाई मिलाउने काम गर्दछ । नाइकेले सामूहिक चाड पर्वमा पूजा गर्ने, वलि दिने काम गर्ने, नाइकेले विवाहमा जन्तिहरुलाई स्वागत गर्ने गर्दछ । गुडितले गाउँमा भएको घटनाको घर - घरमा खवर पुऱ्याउने काम गर्दछ । राइवर वुढाले विवाहमा 'लमी' को काम गर्दछ । यसरी सतार समूदायमा आफ्नो समूदाय चलाउन 'राजनैतिक व्यवस्था गुमस्ता' कृ निर्माण गरिएको हुन्छ । जसले आफ्नो भूमीका निभाएर आफ्नो समूदायलाई अघि बढाएको हुन्छ ।

सतार समूदायमा कुनै पनि झै-झगडा, समस्या आएमा उनीहरुको राजनैतिक व्यवस्था 'गुमस्ता' ले कारवाहि गर्दछ । जस्तै कुनै केटाले अन्तरजातिय विवाह गरेमा उसलाई उनीहरुको 'गुमस्ता' ले गाउँ निकाला गर्दछ र उसलाई पुन : समाजमा भित्राउन उसले समाजलाई भोज खुवाउनु पर्दछ र 'गुमस्ता' ले तोकेको जरिवाना तिर्नु पर्दछ र फेरी समाजमा घुलमिल हुन्छ ।

सतार समूदायको आफ्नै खालको सामाजिक मूल्य मान्यता रहेको हुन्छ । जसले प्रकार्यात्मक एकता कायम गरेको हुन्छ । यदि आफ्नो समाजमा कसैले कुनै नराम्रो काम गरेमा उनीहरुकै राजनैतिक व्यवस्था 'गुमस्ता' लगायत गाउँका व्यक्तिहरु भेला भएर आवश्यक कारवाहि गर्ने गर्दछन् । उनीहरुमा सानाले ठूलालाई गर्ने व्यवहार; ठूलाले सानालाई गर्नै व्यवहार आफ्नै मूल्य मान्यतामा रहेको छ । उनीहरुमा एकले अर्कालाई गर्ने

व्यवहार अनुशासित रुपको रहेको छ । उनीहरुको गाउँमा झै-झगडा भएमा उनीहरुकै समूदायमा मिलाउने प्रचलन रहेको छ ।

यसरी सतार समूदायको सामाजिक मूल्य मान्यता आफ्नै निती नियममा रहेर रहेको छ । उनीहरु अहिलेको आधुनिकीकरणमा पनि अझै परिवर्तन हुन सकेका छैनन् । उनीहरुको आफ्नै रितीरिवाज, परम्परा, संस्कृति छ, जसलाई उनीहरुले अझै समाली रहेका छन् ।

**सुझावहरु**

- सतारको विवाह केन्द्रित भएर अध्ययन गर्दा यिनीहरुको सामाजिक, आर्थिक, राजनैतिक सांस्कृतिक पक्षहरुलाई पनि अध्ययन गर्नुपर्ने हुन सक्छ ।
- अनुसन्धानकर्ताले सतार जातिको विवाहको अनुसन्धान गर्दा संरचनात्मक प्रकार्यवाद सिद्धान्तबाट अध्ययन गरेको थियो । यसलाई अन्य अनुसन्धानकर्ताहरुले अन्य सिद्धान्तबाट हेरेमा अन्य रुप देखिन सक्छ ।